# १ तिनीहरुका फलबाट...

***यस अध्यायको निम्ति पढ्नुहोस्:*** लुका १३:७-९, यूहन्ना ११:४, १२:२८, १५:१-१०, २ तिमोथी ३:५।

***स्मरण गर्नुपर्ने पद:*** "त्यसैकारण तिनीहरूकै फलहरूबाट तिमीहरूले तिनीहरूलाई चिन्नेछौं। "(मत्ती ७:२०)।

प्रभु येशूले हामीलाई धेरै रमाइलो तथा उल्लेसित प्रतिज्ञाहरू दिनुभएको छ। ती प्रतिज्ञाहरूमा एउटा उल्लेखनिय प्रतिज्ञा त यो छ, यदि हामी उहाँमा रहिरह्यौं र उहाँको पवित्र आत्मालाई हाम्रो जीवनमा रहन दियौं भने यथार्थमा हामी वेग्लैखालका मानिसहरू हुनेछौं। आमूल रूपमा हाम्रो जीवन परिवर्तन हुनेछ।

"त्यसैकारण जो कोहि येशूमा छ भने ऊ नयाँ सृष्टि हो। सारा अतितका कुराहरू बिति सकेका हुन्छन्। हेर, सबै थोकहरू नयाँ भएका छन्। " (१ कोरन्थी ५:१७)।

पवित्र आत्माको फलका विविध पक्षहरूको अध्ययन हामीले यस पुस्तिकामा गर्नेछौं अचम्मको मुक्तिको योजनामा हामीलाई यो आश्वासन दिएको छः "हामी सबै जना घुम्टो नहाली ऐनामा हेरे झैं परमेश्वरको महिमालाई हेर्दै जानेछौं। उहाँलाई हेर्दै जाँदा, हामी पनि महिमा देखि महिमासम्म त्यहि स्वरुपमा रूपान्तरितण हुनेछौं। परमेश्वरको आत्माबाट नै यो प्रक्रिया सम्पन्न हुनेछ। " (२ कोरन्थी ३:१८)।

जो मानिस येशूमा रहेको हुन्छ, त्यो मानिसले पवित्र आत्माको फल सधैं फलाएको हुन्छ। यो बाचा कुनै पुराणका पात्रहरूलाई नभएर तपाईंलाई नै दिएको हो भनेर महशूस गर्नुभएको छ? यदि तपाईं येशूभक्त भनेर दावी गर्नुहुन्छ भने, पवित्र आत्माको फल तपाईंलाई पनि हो भनेर यकिन गर्न सक्नुहुन्छ। परमेश्वर जसले हाम्रो जीवनमा असल कामलाई

थालनी गर्नुभएको छ, त्यो उहाँले पूरा गरि छाड्नु हुनेछ भनेर हामी अत्यन्त विश्वस्त हुनुपर्दछ (फिलिप्पी १:६)। येशूको यो वचन कहिलै नविर्सनुहोस्: “तिमीहरूले मलाई चुनेनौ, तर जाओस्, फल फलाओस् र त्यो फल तिमीहरूमा नै रहिरहोस् भनेर मैले तिमीहरूलाई चुनेको हुँ र नियुक्त गरेको हुँ। तिमीहरूले जेसुकै मेरो नाउँमा पितासँग माग्नेछौं उहाँले दिन सक्नुहुनेछ।“ (यूहन्ना १५:१६)। अझ उत्कृष्ट सन्देश त यो हो, पवित्र आत्माले थालनी गर्नुभएको असल काम केवल हाम्रो यस जीवनमा मात्र नभएर अनन्तको निम्ति पनि हो। अर्थात्, यस बितिजाने संसारमा येशूभक्तको जीवनमा पवित्र आत्माले सुरू गर्नुभएको काम अनन्तसम्म पनि जारी रहनेछ।

## १. “हरेक रुख यसको फलबाट चिनिनेछ।“ (लुका ६:४४)

के तपाईंले पवित्र आत्मा पाउनुभएको छ भनेर कसैले तपाईंलाई सोधेको छ? यो जीज्ञासा त्यस्ता मानिसहरूले राख्दछन् जसले अन्य भाषा बौल्छौं भनेर दावी गर्दछन् र यदि तपाईंले पवित्र आत्मा पाउनुभएको छ भने तपाईंले पनि अन्यभाषा बोल्न अपेक्षा गर्दछन्। उनीहरूको निम्ति पवित्र आत्मा छ कि छैन भनेर हेर्ने मापदण्ड नै अन्य भाषामा बोल्नु हो। प्रार्थना गर्दा नबुझेतापनि अन्य भाषामा चर्को स्वरले प्रार्थना गर्दा पवित्र आत्माले भरिएछ भनेर तिनीहरूले विश्वास गर्दछन्। यदि तपाईंले अन्य भाषामा बोल्नुभएन भने तपाईंमा पवित्र आत्मा छैन भनेर औंल्याउन तिनीहरू हिचकिचाउँदैनन्। कुनै निश्चित देखावती लक्षण वा आश्चर्य कामले मात्र आस्थाको प्रमाण हुन्छ भन्ने धारणाप्रति हामी सजग हुनुपर्दछ भनेर येशूले भन्नुभएको छ। येशूको स्पष्ट चेतावनी मत्ती ७:२१-२३मा पढ्नुहोस् (प्रकाश १६:१४ पनि पढ्नुहोस्)। उहाँको नाउँमा अनगिन्तियौं विश्वासै गर्न नसक्ने आश्चर्य तथा अदभूत कामहरू मानिसहरूले गर्नेछन् भनेर येशूले स्पष्ट पार्नुभएको छ। तर त्यसो गर्दैमा तिनीहरू येशूका निष्ठावान तथा आस्थावान अनुयायीहरू हुन् भनेर प्रमाणित गर्दैनन्।

यथार्थमा भन्ने हो भने, संसारको अन्तिम युगमा येशूका नकावधारी अनुयायीहरूमा देखावती धर्मपरायणता हुनेछन्, तर आफ्ना जीवनमा परमेश्वरको शक्तिलाई भने इन्कार गर्नेछन् भनेर भनिएको छ (२ तिमोथी ३:५)।

२ तिमोथी ३:५ पढ्नुहोस्। वर्तमान परिप्रेक्ष्यमा, कसरी उक्त सत्यताको पुष्टि भइरहेको हामीले पाइरहेका छौं?

“किनभने असल रुखले खराब फल फलाउँदैन, न त खराब रुखले असल फल फलाउँछ। हरेक रुख यसकै फलले चिनिनेछ। काँडाहरूबाट मानिसहरूले अञ्जिर जम्मा गर्दैनन्, न त झाङ भयो भन्दैमा त्यस झाडिबाट अंगुरहरू जम्मा गर्छन्। “ (लुका ६:४३,४४)।

रुख कस्तो छ भनेर थाहा पाउन त्यसले फलाउने फलबाट हामीलाई थाहा हुन्छ भनेर येशूले भन्नुभएको छ। कुनै मानिस कस्तो छ भनेर थाहा पाउन उसको मुखबाट प्रकट गरेको आस्थाबाट होइन तर उसको जीवनबाट चिनाउँछ। चर्चको सेवाकार्यको निम्ति पवित्र आत्माका बरदानहरू दिएका हुन्। तर रुपान्तरिय जीवन बिताउन् भनेर पवित्र आत्माको फलचाहिँ परमेश्वरका विश्वासीलाई दिइएका हुन्छन्।

सत इसाई र असल फल फलाउनु भनेको नै उचित जीवनशैलीमा जोड दिनु हो। कुनै प्रखर कलाकारले महात्मा गान्धी भएर नाटक वा फिल्म बनाउन सक्दछ। तर ऊ कहिलै पनि महात्मा गान्धी हुनसक्दैन। हामी असल मानिस जस्तो देख्न सक्दछौं, हामीहरूका कुराहरू देखावटीमा मिठासपूर्ण होलान्, अरूको अगाडि ठिक्क भएर भलादमीको पगरी पनि ओढौला। जबसम्म पवित्र आत्माले हामीलाई नयाँ हृदय दिनुहुन्न, तबसम्म हामी सत रूपमा असल कहिलै पनि हुन सक्दैनौं। नकावधारी इसाईं त होऔंला तर परमेश्वरको अगाडि (आफ्नै परिवारमा पनि) हामी नाङ्गो नै रहनेछौं।

असल काम गर्नु र असल हुनुमा के फरक छ भन्ने कुरामा चर्चापरिचर्चा गर्नुहोस्। प्रथमतः असल मानिस हुनु भनेको के हो त? दोश्रोमा के असल नै नभइकन मानिसले असल काम गर्न सक्दछ र?

वा असल काम नगरी के मानिस असल वा भलादमी हुन सक्दछ र? विश्वासीहरू बिच यस विषयमा छलफल गर्नुहोस्।

## २. "म बिना तिमी केहि पनि गर्न सक्दैनौ।" (यूहन्ना १५:५)

कुनै ठाँउमा दुई दाजुभाईहरू आफूहरू सुत्ने कोठाको झ्यालको बाहिर रहेको रुखबाट ओर्ल्हेर पौडि खेल्न जाने गर्थ्ये। यो कुरा आमाबाबुहरूलाई थाहा थिएन। एक दिन तिनीहरूका आफ्ना बाबुले त्यो रुख काट्ने निधो गरेको सुने, किनभने त्यो रुख मरेर सुकेर गरइसकेको थियो। अब ती दाजुभाईहरूलाई बित्यास पर्‍यो, किनभने त्यो रुख त्यहाँ भएन भने तिनीहरू भाग्ने बाटो नहुने भयो। अब के गर्ने भनेर चिन्ता गरेको बेलामा एउटा रोचक आइडिया तिनीहरूको मनमा पस्यो। त्यो बिचार थियो आफ्ना बाबुलाई छकाउने। त्यसै अनुसार ती दाजुभाई मिलेर पसलबाट नक्कली स्याउहरू किनेर ल्याए र मरेका रुखका हाँगाहरूमा ती स्याउहरू झुण्डाई दिए। भोली पल्ट उनीहरूका बाबुले त्यो मरेको रुखबाट स्याउहरू अकस्मात रातभरीमा फलेको देखेर अचम्म माने। अझ छक्क पर्ने कुरा त, त्यो रुख नास्पातीको रुख थियो।

यूहन्ना १५:१-५ पढ्नुहोस् र तलका प्रश्नहरूका जवाफ दिनुहोस्:

येशू आफैले भन्नुभयो उहाँ नै सक्कली र सत्य रुख हुनुहुन्छ। उहाँ नै सत्य रुख हुनुहुन्छ भनेर उहाँले किन भन्नु भएको होला? (मत्ती २४:२४ पनि पढ्नुहोस्)।

यूहन्ना १५:५ अनुसार हामी को हौं भनेर येशूले भन्नु भएको छ? व्यवहारिक जीवनमा त्यसको अर्थ के हो? अर्थात्, हाम्रो जीवन सार्थक बनाउन यस पदले के भनीरहेको छ?

यदि हाँगा रुखमा जोडेको छैन भने त्यसले फल फलाउन सक्दैन भनेर ४ पदले वाख्या गर्दछ। यो एकदम निर्णायक विषय हो। यसलाई हामीले वेवास्ता गर्नुहुँदैन।

हाम्रो जीवनमा मौलाएको पवित्र आत्माको फलको कारणले गर्दा मानिसहरूले परमेश्वरको यश तथा गुण गाउनेछन्। अर्को अर्थमा भन्ने हो भने, पवित्र आत्माको फलले सुशोभित हुनु भनेको मानिसहरूलाई हामी कत्ति राम्रो छौं भनेर देखाउने होइन तर परम पिता परमेश्वर कत्ति भलो हुनुहुन्छ भनेर देखाउने हो।

येशूको सेवाकार्यमा धेरै असल कामहरू र अलौकिक आश्चर्यकामहरू समावेश भएका थिए। यसको लागि कुनै शक्तिले उहाँलाई परिचालन गरिएको थियो। त्यो शक्ति के हो? हामीहरूको अभिप्राय कस्तो हुनुपर्दछ भनेर यस धारणाले प्रभाव पार्न सक्दछ? (हेर्नुहोस् यूहन्ना ११:४, १२:२८)।

तपाईंको चर्चले चर्चको अनुहारलाई राम्रो पार्न असल सामुदायिक कामहरू गर्न खोजेको हुनसक्छ। यो राम्रो लक्ष्य हो। फेरि त्यसै वखत हामीहरूको अभिप्राय र उद्देष्यहरू के हुन् त्यसमा सजग हुनुपर्दछ। हामीहरूका यी प्रयत्नहरूको अन्तिम लक्ष्य के हो? आफ्नो भाउको महिमा गर्ने कि परमेश्वरको? परोपकारी काम होस्, स्वयंसेवकको कुनै काम होस्, यी कामहरूमा समावेश हुँदा परमेश्वरको महिमा हुन्छ कि हाम्रो हुन्छ कसरी छुट्याउने? यी दुई कुराहरूलाई मिसाउन गाऱ्हो त छैन। कतिपयले त परमेश्वरको महिमा गर्ने भनेर आफ्नो भौतिक तथा व्यक्तिगत उन्नति खोज्दछन्। (मानिसहरूले धर्मलाई मागी खाने भाँडो बनाएका उदाहरणहरू प्रसस्त छन्। पवित्र आत्माको फल बिनाका इसाई अगूवाहरूमा पनि सामन्ती भावनाले जग बसालेको हामी पाउँछौं)।

मत्ती ५:१६ र १ कोरन्थी १०:३१ पढ्नुहोस्। सबैप्रतिको भलाइको सृजना कसरी गर्ने र फेरि त्यसै समयमा स्वर्गमा हुनुहुने परमेश्वर पिताको महिमा कसरी गर्ने? परमेश्वरलाई ओझेलोमा पारि असल, परोपकारी तथा सबैको अगाडि स्याबास कमाउने काम गर्न सम्भव छ भन्ने कुरालाई नबिर्सनुहोस्। धर्मको नाउँमा आफैले गौरवको पगडी ओढ्ने मानिसहरूको कुनै पनि समाजमा कमी छैन। तपाईंले

कुनै स्याउको रुखबाट हाँगा खसेको अनुमान गर्नुहोस्। त्यो हाँगामा धेरै साना साना स्याउहरू फलिरहेका छन्, तर त्यो स्याउ पाक्न पाएको छैन। छिट्टै त्यो हाँगा के हुन्छ होला? ती फलिरहेका स्याउहरू के हुन्छ होला त? के ती स्याउहरूलाई गाढा रातो रङ्ग लगाई दियो भन्दैमा ती पाकेका हुन्छन् र? त्यो हाँगालाई पानी दिएर त्यसको वरिपरि मल हाल्यो भन्दैमा त्यो जीउँछ र? के त्यस हाँगालाई जमिनमा गाड्यो भन्दैमा स्याउ फलाइ नै रहन्छ होला? त्यसकारण, स्याउ फलाउनको निम्ति त्यो हाँगा रुखमै जोडी रहन किन अपरिहार्य छ?

उपर्युक्त तर्कलाई आत्मसात् गरेर यो सोच्नुहोस्, तपाईं येशूको अविच्छिन्न भाग कसरी हुने? उहाँमा रहनु भनेको के हो? केवल हप्ताको एक दिन वा कुनै आत्मिक जागरणको बेलामा मात्र अनुवभ नगरेर दैनिक जीवनमै तपाईं येशूमा रहिरहनुभएको छ भन्ने प्रत्याभूति कसरी पाउने? यसको लागि तपाईंको जीवनमा कस्तो परिवर्तन ल्याउनुपर्दछ? तपाईंको जीवनशैली कस्तो छ? तपाईंको आनिबानी वा आदतहरू कस्ता छन् जसले गर्दा येशूमा रहन ती कुराहरूले तपाईंलाई सहज बनाइरहेका छन वा वाधा हाली रहेका छन्?

## ३. "यसबाट मेरो पिताको महिमा हुनेछ।" (यूहन्ना १५:८)

"तिमीहरूले धेरै फल फलायौ भने मेरो पिताको महिमा हुनेछ। यसैबाट तिमीहरू मेरा भक्तजनहरू हौ भनेर प्रमाणित हुनेछ।" (यूहन्ना १५:८)। यस पदको सारतत्व के हो?

"ठिक कुरा गलत कारणले पनि गर्न सम्भव हुन्छ" भन्ने भनाई शायद हामीले कतिपटक सुनेकै होला। यदि यो भनाई सत्य हो भने के गलत कारणको निम्ति मानिसहरू येशूमा रहन प्रयास गर्न सम्भव हुनसक्छ र? येशूमा रहनुभनेको साधन नभएर साध्य नै हो। अर्थात् आत्मिक जीवन अन्तको लागि येशूमा रहनु प्रक्रिया नभएर यो आफै पनि अन्त हो। उहाँमा रहँदाको परिणाम नै फल फल फलाउनको निम्ति हो। यो फलले हाम्रो होइन तर परमेश्वरको महिमा गर्दछ।

आत्मआलोचना गर्नुहोस्। हुनसक्छ तपाईंले चर्चको उत्थानको निम्ति अनगिन्ति योगदान दिइरहनुभएको होला। तर तपाईंको अभिप्राय के हो? येशूभक्तको लुगा लगाएर के तपाईंले आफूले आफैलाई त उल्लु बनाइरहनुभएको छैन?

## ४. ताकि यसले धेरै फल फलाउनेछन्" (युहन्ना १५:२)

"फल नफलाउने प्रत्येक हाँगा उहाँले झिकिदिनुहुन्छ। तर फल फलाउने हरेक हाँगा उहाँले छाँट्नु हुनेछ ताकि यसले धेरै फल फलाओस्।" (युहन्ना १५:२)। फल नफलाउने हाँगालाई छिमट्ने छ भनेको कस्तो प्रक्रिया हो? तपाईंले आफ्नो जीवनमा के यस्तो प्रक्रियाको अनुभव गर्नुभएको छ? जब त्यस विशेष प्रक्रियाको अन्त भयो, तपाईं त्यसबाट पार हुँदा कस्तो खालको व्यक्ति हुन तपाईंलाई टवा मिल्यो? तपाईंको जीवनमा आएको कष्टलाई सफलतापूर्वक तपाईंले सामना गरेपछि पहिला भन्दा तपाईं कसरी भिन्न व्यक्तित्व भएको मानिस बन्न पुग्नु भएको छ?

हरेक मौसमको अन्तमा किसानले आफ्नो बारीमा गएर प्राय जसो सबै बिरुवाहरूलाई छाँट्दछन्। तर अर्को वर्षको फसल सिधै उसले छाँटेको बिरुवामा भर पर्ने भएकोले, उसले छाँट्दा अत्यन्त होशियार हुनुपर्दछ। फल फलाउने र रुखको बिचमा संतुलन ल्याउनुपर्ने भएकोले त्यसलाई नै मध्य नजर राखेर किसानले छिमल्ने काम गर्दछन्। एकलाई काटेर अर्को उमारिन्छन्। यदि किसानले चाहिनेमात्रामा रुख छाँटेन भने प्रथम वर्ष त धेरै फल फलाउला तर अर्को बर्ष कमजोर र तल्लो गुणस्तरको फल फल्ने सम्भावना प्रवल हुन्छ। त्यसकारण असल फल फलाउन रुखलाई छाँट्ने काम एउटा कला नै हो। जसले पायो उसले फल फल्ने रुखलाई छिमोल्न सक्दैन।

"आफू भन्दा बाहिर र माथिको शक्तिमा भर पर्छ कि पर्दैन भनेर हेर्न परमेश्वरले मानिसहरूमा अनेकन् परिक्षाहरू ल्याउनुहुन्छ।

उहाँले मानिसले जस्तै हेर्नुहुन्न। मानिसहरू उहाँको सिद्ध आदर्शमा हिंडुन भनेर कतिपटक त एक आफसमा सम्वन्ध विच्छेद पनि गराउनुहुन्छ। परमेश्वर चाहनुहुन्छ मानिसहरू उहाँले कोरिएको नक्सा बमोजिम चलुन् (याद गर्नहोस्, यो कुनै भाग्य रेखा नभएर परमेश्वरको चाहना हो र त्यस चाहनामा हिंडेर हामी अर्थ मूलक जीवन बिताऔं भन्ने परमेश्वरको सदिच्छा हो)। प्रभु येशूका भक्तजनहरूले इच्छा गरे बमोजिम आत्मिक र भौतिक चाहना र परमेश्वरको इच्छासँग बेमैल हुनसक्छ वा बाझिन सक्छ। तर येशूको सर्वोच्चता कायम गर्न चाहेकोले त्यस भक्तले आफ्नो चाहना वा मूल्यमान्यतालाई अग्र स्थान दिंदैनन्।

"स्वर्गदेखि नै पृथ्वीसम्म परमेश्वरले मानिसको सर्वहितको निम्ति परिक्षाहरू खटाइएको हुन्छन्। त्यसैकारण, परमेश्वरको राज्यमा जाने बाटो साँघुरो छ भनेर येशूले भन्नुभएको थियो। इसाई चरित्रलाई छाँटकाँट गर्नु जरुरी छ। नत्रभने धेरै नकावधारी इसाईहरू त्यस्ता हुन्छन् जसले धर्मको भेष त लगाउँछन्, तर जब उनीहरूको महत्वाकाँक्षा, अहँता, स्वार्थ प्रवृत्ति र आफ्नो ढिपीलाई कसैले काट्यो भने तिनीहरू अनेक बहाना लगाएर चर्च तथा येशूका अनुयायीको विरुद्ध लड्न तम्सिन हिच्किचाउँदैनन्। परमेश्वरबाट खटिएका तिखो तथा तितो कष्ट र परिक्षणको सामना गर्नुपर्दा यदि तिनीहरूमा सक्कली धार्मिकता,, येशूको नम्रता र शहनशीलताको कमी भयो भने तिनीहरू हतोत्साहित भएर विश्वासै त्याग्न सक्छन्। पवित्र आत्मको आवश्यकता त्यस्ता मानिसहरूमा कत्तिको चाहिने रहेछ भनेर तिनीहरू कै क्रियाकलापले देखाउँछन्।"- एलेन जि ह्वाईट, *द हेभेन्ली प्लेसेस,* पृ. २६६बाट रूपान्तरित।

तपाईंमा विश्वास वा आस्था छ कि छैन भनेर देखाउन के तपाईंले अत्यन्त जतिल परिक्षाको सामना गर्नुभएको छ? उपरोक्त अनुभवहरूबाट तपाईंले के पाठहरू सिक्नुभएको छ?

अझ महत्वपूर्ण कुरो त, के ती परिक्षाहरूबाट तपाईं पाठ सिक्न राजी हुनुभएको छ?

## ५. "यदि यसले फल फलायो भने अति उत्तम हुनेछ, तर फल फलायन भने....."(लुका १३:९)

आज भन्दा तिन सय वर्ष अघि विशेष गरेर बिलायतले अमेरिकाका विभिन्न राज्यहरूमा आफ्ना उपनिवेश स्थापना गरेका थिए। सन् १७७५मा अमेरिका बिलायतबाट स्वतन्त्र भएको थियो। सन् १८६०-६५को गृह युद्ध पछि सारा अमेरिका एककृत भएको थियो। सन् १७३० र १७४५ मा जब अमेरिका बिलायतकै उपनिवेशमा थियो, उत्तरी भेगका मेन राज्यदेखि दक्षिण भेगका जर्जिया उपनिवेश राज्यहरूमा आध्यात्मिक जागरणको अनुभव गरेका थिए। यसलाई महान् जागरण भनेर कहलाईन्छ। यस आत्मिक जागरणको अगुवा जोनाथान एडवार्ड थिए। सन १७४१मा उनले एक प्रभावशाली प्रवचन दिए, जसको शिर्षक थियो, " क्रोधित परमेश्वरको हातहरूमा पापीहरू। " यसले धेरै इसाईहरू आफू नर्कतिर गइरहेको भान भयो। यस प्रवचनले परमेश्वर क्रुर र पापीहरूलाई अन्धकारमा जाकिन चित्रण गरेर मानिसहरूमा सन्त्रास फैलाएको थियो। हुन त यो विषय विवादस्पद नै छ। यद्यपि केहि हदमा यसले सत्यतालाई नलुकाएको पाउँछौं। पाप कत्तिको गऱ्हौं छ, नित्य पवित्र परमेश्वरले पापलाई कुन् दृष्टिले हेर्नुहुन्छ र न्यायको दिन निश्चित भएको छ भनेर उपरोक्त प्रवचनले खुलासा गरेको थियो।

युहन्ना १५:१-१० पढ्नुहोस्। फल फलाउने सन्दर्भमा येशूले कसरी संतुलित तर्क प्रस्तुत गर्नुभएको छ?

यदि हामी उहाँमा रह्यौं भने धेरै फल फलाउनेछौं, र हामी उहाँमा रहेर उद्धार भएकै कारण यो फल फलाएका हुन्छौं भनेर एकातिर उहाँले भन्नुभएको छ भने अर्को तिर यदि विश्वासद्वारा हामी उहाँमा रहिरह्यौं भने उहाँकै धार्मिकताले गर्दा हामी मुक्ति पाउँछौं भनेर उल्लेख गर्नुभएको छ। हामीले पाउने मुक्तिको श्रेय उहाँमा नै रहिरहनु हो। तर यदि हामी उहाँमा रहिरहेनौं भने फल फलाउन असम्भव छ

भनेर उहाँले हामीलाई सतर्क गराउनुभएकोछ, र जसले फल फलाउँदैन, त्यो मानव रूपि बिरुवा सुकेर जानेछन् र अन्तमा आगोमा फालिनेछ भनेर बाइबलले स्पष्ट पारेको छ (हेर्नुहोस् ३:९)।

लुका १३:६-९मा येशूले भन्नुभएको दृष्टान्त अर्थात् कथाबाट हामी के सिक्न सक्दछौं?

मुक्ति भनेको फल फलाएर पाउने होइन भनेर माथिको कथाले देखाउन खोजेको भन्ने कुरालाई बिर्सनु हुन्न। यदि हो भने मुक्ति भनेको कर्मको फल वा हाम्रो पुनित कार्यद्वारामात्र प्राप्त हुन्छ भन्ने धारणालाई पुष्टि गर्न खोजेको हुन्छ। त्यसकारण हामी फल फलाएर मुक्ति पाउने होइन, बरु यदि हामीले फल फलायौं भने येशूमा आस्था राखेर मुक्ति पाएका छौं भनेर प्रमाणित हुन्छ। हामीले मुक्ति पाएको अनुभूतिले हामी असल फल फलाउँछौं, तर फल फलाएर मोक्ष पाउने भन्न खोजेको होइन। यी दुईको भिन्नता बुझ्नु अति आवश्यक छन्। तपाईंको निर्णायक जीवन नै यसमा भर पर्दछ। यदि यस आत्मज्ञानमा कमजोर भयौं भने हामीहरूका धर्मपरायणता वा असल फल फलाएका छौं भन्ने आभासले हामीलाई अहँकारितामा घचेड्छ। अनि जीवनमा परि आउने कुनै पनि अपठ्याराहरू, असफलहरू, कमजोरहरूले हामीलाई उदास र निराश बनाउन सक्छ। हामीले असल फल फलाउन सकेनौं भनेर हतोत्साह पनि हुनेछौं। यसको फल स्वरुप हामीले आस्थालाई नै त्यागन हिचकिचाउन बेर हुँदैन।

**उपसंहारः**

अरु जानकारीः "तिनीहरूका फलहरूबाट तिनीहरू कस्ता मानिसहरू छन् भनेर जान्नु" (मत्ती ७:२०) भनेर येशूले स्पष्ट रूपमा घोषणा गर्नुभएको छ। येशूका सबै सत्य भक्तहरूले उहाँको महिमाको निम्ति फल फलाउनेछन्। उनीहरूका काम र जीवनले उनीहरूका जीवनमा पवित्र आत्माले काम गरीरहेको छ भनेर देखाउँदछ। यसले गर्दा उनीहरूले फलाउने फल पवित्र हुन्छ। उनीहरूको जीवन शैली

उच्चकोटिका हुन्छन्। तिनीहरू शुद्ध मनले परिचालन भएका हुन्छन्। ठिक तथा उचित कामहरूले तिनीहरूमा धर्मपरायणता रहेछ भनेर पुष्टि गर्दछन्। यदि तिनीहरूको जीवनमा पवित्र आत्माको फल फलेन भने तिनीहरूले परमेश्वरले प्रवाह गर्ने गुणहरूका अनुभव गरेको रहेनछन् भनेर बुझिन्छ। तिनीहरू येशू रूपी रुखमा जरा गाडेका छैनन् भनेर प्रमाणित गर्दछन्। "ममा रहो, र म तिमीहरूमा हुनेछु। जसरी रुखमा नजोडेको हाँगाले फल फलाउन सक्दैन, त्यसरी नै तिमीहरू ममा रहेनौं भने फल फलाउन सक्दैनौ। म रुख हुँ, तिमीहरू हाँगाविंगाहरू हौं। जो ममा रहन्छ वा मेरो निष्ठावानमा हिंड्छ म उसँग हुनेछु। यसको फलस्वरुप तिमीहरूले धेरै फल फलाउनेछौं। म बिना तिमीहरूले केहि पनि गर्नसक्दैनौ।" भनेर येशूले भन्नुभएको थियो (यूहन्ना १५:४,५। एलेन जि ह्वाईट, *काउन्सिल टु पारेन्टस्, टिचर्स, एण्ड स्टुडेन्टस्,* पृ. ३२९ बाट रूपान्तरित।

"ती सबै मानिसहरू जो चर्चका सदस्य ता हुन्छन् तर येशूमा छैनन् भने, तिनीहरूको चरित्र ढिलो वा चाँडो पर्दाफास हुनेछ। "तिनीहरूको फलहरूबाट तिनीहरू कस्ता रहेछन् भनेर जान्नु।" मत्ती ७:.१६। धर्मपरायणता, आत्मसंयम, धैर्यता, दया, प्रेम, स्नेह, परोपकारिता अर्थात् उदारता, सदाशयता जस्ता अमूल्य फल येशूमा नरहने भक्तहरूले फलाएका हुँदैनन्। येशूमा नरहनेले केवल काँडा र सिउँडीहरूमात्र फलाउँछन्। तिनीहरू इसाई हुँ भनेर दावी गर्छन्, उहाँलाई मानेका छौं पनि भन्छन् तर उहाँको कुरालाई नमानेर पवित्र आत्माको फल नफलाउने तिनीहरूले संसारको अगाडि परमेश्वरको बेइज्जत गरीरहेका हुन्छन्।"-एलेन जि ह्वाईट, *द फेथ आई लिभ बाई,* पृ. ९०बाट रूपान्तरित।

**चिन्तनमननः**

१ यस अध्यायको प्रथम बुँदामा उल्लिखित प्रश्नमा विश्वासीहरू बिच शोचविचार गर्नुहोस्। असल काम गर्नु र असल हुनुमा के भिन्नता छ?

२ सबै मानिसहरू जो चर्चमा समावेश त हुन्छन् तर येशूको निष्ठामा नरहनेको सत्य चरित्र ढिलो वा चाँडो भन्डाफोर हुनेछ भन्ने एलेन जि ह्वाईटको अभिव्यक्तिलाई तपाईं के भन्नुहुन्छ? हामी कुन दलमा छौं भनेर आत्मआलोचना गर्नु किन जरुरी छ? फेरी हामी कुन पक्षमा छौं भनेर कसरी थाहा पाउने?

३ यस्ता दुई थरीका मानिसहरूको अनुमान गर्नुहोस्ः एक जना एडभेन्टिस्ट छन् जसले चर्चका सबै धर्मज्ञानलाई जानेको छ जस्तै मानिस मरेपछि के हुन्छ, दोश्रो आगमन, १८४४ आदी। तर उनी रिसाहा, झोंक्की, स्नेहरहित, अप्रिय, कठोर, रुखो र अरूको दोषमात्र देखिरहनेहुन्छन् रे। तर अर्को मानिस जसले येशूलाई बिश्वास गर्छु भनेर त दावी गर्दछन् तर चर्चका सबै शिक्षादिक्षालाई अश्विकार गर्दछन्, किनभने उनले भन्छन् येशूलाई विश्वास गरे मात्र पुगी हाल्छ नी किन चर्चका अनेकन् शिक्षाहरूलाई मान्नुपर्छ र। तर यी मानिस अत्यन्त दयालु, क्षमाशील, स्नेहि, अरूको दोषलाई वास्ता नगर्ने, एडेन्टिस्ट कट्टरपनालाई हँसी गर्दछन्। यी दुई जनामध्ये कुनचाहिँ परमेश्वरको राज्यको नजिक छन्? के तपाईंले चुन्नु सक्नुहुन्छ? तपाईंको जवाफले तपाईंको निम्ति येशूधर्म अर्थात् इसाई हुनुको महत्वलाई उजागर गर्दछ भन्ने कुरालाई नभुल्नुहोस् ।

# २

## पवित्र आत्माको फल
# प्रेम हो

<u>यस अध्यायको निम्ति पढ्नुहोस</u>: व्यवस्था ६:५, मत्ती ५:४३-४८, मत्ती ७:१२,२२,

<u>स्मरण गर्नुपर्ने पद</u>: *"अब आस्था, आशा, प्रेम रहिरहन्छः तर यिनीहरूमा सर्वोच्च चाहिँ प्रेम हो।" (१ कोरन्थी १३:१३)।*

पवित्र आत्माको फलमा हुनुपर्ने गुण वा लक्षणहरूको पावलले शूची प्रस्तुत गरेका छन्। ती शूचीहरूमा प्रेमलाई अग्रज स्थान दिएको छ। यदि कोहि मानिस पवित्र आत्माले भरिएको छ भने उसमा प्रथमतः प्रेम हुनुपर्छ भनेर पावलले आकस्मित तवरले औंल्याएका होइनन्। प्रत्येक येशूभक्तमा पाउनु पर्ने सर्वोच्च सदगुण प्रेम हो, किनभने परमेश्वरको चरित्रलाई चित्रण गर्ने अधिकतम गुण नै प्रेम हो। त्यहि प्रेमले परिचालित भएर उहाँले हामीलाई सृष्टि गर्नुभयो, हामीलाई अटुट रूपमा सम्भार गरिरहनुभएको छ, उहाँले हामीलाई प्रकट गर्नुभएको छ र अन्तमा हामीले मुक्ति पाउ भनेर आफ्नो पुत्र हामीलाई दिनुभएको छ।

स्पष्ट र सरल रूपमा युहन्नाले "परमेश्वर प्रेम हुनुहुन्छ" भनेर व्यक्त गर्दछन् (१ युहन्ना ४:१६)। परमेश्वरको चरित्रको केन्द्रविन्दु प्रेम, स्नेह, माया भएकोले प्रत्येक येशूभक्त पनि त्यहि गुणले शुसोभित हुनुपर्दछ। यूहन्नाले स्पष्ट रूपमा भन्दछन्, "जो प्रेममा रहन्छ ऊ परमेश्वरमा रहिरहेको प्रमाणित हुन्छ, यहि लक्षणले गर्दा परमेश्वर उसँग रहेको रहेछ भनेर ठहर गर्दछ"(१ युहन्ना ४:१६)।

तर दुर्भाग्यवस आजको जमानामा प्रेम भन्ने शव्दको पनि दुरुपयोग गरेको पाइन्छ अर्थात् जथाभावी हल्का तवरले यसलाई प्रयोग गरेको हामीले पाउँछौं। नेपाली भाषामा प्रेम भन्ने शव्दलाई "मन पर्नु" भनेर अधिकत रूपमा प्रेम गरेको पाइन्छ। अनुकूल मौसमको गुण गाएर यसलाई मनपर्छ भनेर हामी भन्छौं। स्वादिलो खानालाई कस्तो मनपर्छ भनेर हामी भन्छौं। आफ्नो कुक्कुरलाई कस्तो माया गरेका छौं भनेर सुमसुम्याएर त्यसलाई माया पोखाउँछौं। तर यी खालका प्रेम परमेश्वरको सच्चा

प्रेमलाई जाँच्ने मापदण्ड भित्र पर्दैनन् (१ कोरन्थी १३)। परमेश्वरको प्रेम जुन पावलले वाख्या गरेका छन्, यो एकदम अरू कुनै भन्दा पृथक छ। हाम्रो जीवनको सार्थकता नै यस प्रेमले दिँन्छ। यो हाम्रो जीवन शैली हो। यहि प्रेमलाई आधार मानेर नै हामी एक आपसमा सम्वन्ध राख्दछौं। येशूभक्तको जीवनमा हुनुपर्ने गुणहरूको पोको प्रेममा नै पाउँछौं। त्यसबाट हामीलाई मन नपर्ने झिकेर फैंक्ने र मन पर्ने राखी छोड्ने होइन। सच्चा प्रेम भनेको के हो वा होइन रहेछ भनेर यस अध्यायमा हामी केलाएर हेर्न कोशिष गर्नेछौं।

## १, प्रेम बहुआयामिक हो अर्थात् यसका पक्षहरू धेरै छन् (व्यवस्था ६:५)

"येशूले त्यस शास्त्रीलाई उत्तर दिनुभयो, 'तिमीले तिम्रो परमेश्वरलाई सारा हृदयले, सारा आत्माले र सारा मनले प्रेम गर्नु। यो नै परमेश्वरको प्रथम र महान् निर्देशन वा आज्ञा हुन्। अनि दोश्रोचाहिँ यो होः तिम्रो छिमेकीलाई आफूलाई जस्तो प्रेम गर्नु'" (मत्ती २२:३७-३९, व्यवस्था ६:५ पनि पढ्नुहोस्)।

जब मानिसहरूले बाईबललाई अनुबाद गर्दछन्' अरू किताबहरू जस्तै अनुबादकहरूले चुन्ने शव्दहरू आआफ्नै शैलीका हुन्छन्। उदाहरणमा कसैले "चरा सानो थियो" भनेर अनुबाद गर्नुपर्दा "त्यो चरा फुच्चे थियो" वा "चरा अतिसानो थियो" भनेर लेख्न सक्दछ। त्यो चराको बारेमा वाख्या गर्नुपर्दा उपरोक्त विवरणहरू उचित नै देखिन्छन्। तर चरा साँच्चिकै कस्तो थियो भनेर बुझ्न लेखकले उपयोग गरेको भाषालाई बुझ्यो भने त्यसको चित्रण ठिक भएको पाउँछौं। त्यसकारण पवित्र आत्माको फल भनेको के रहेछ भनेर प्रारम्भिक भाषामा हेर्दा त्यसको अर्थलाई राम्ररी बुझ्न सघाउँछ। व्यवस्था ६:५ मा प्रेम भन्ने शव्द हिब्रु भाषामा अहबता *ahabta* हो। प्रार्थमिक रूपमा यो प्रेम इच्छा' मन र कामबाट दर्शाउनु हो। यो प्रेम केवल भावात्मक वा आवेशात्मक मात्र होइन। यो अत्यन्त उच्च शिखरको प्रेम हो। यो उच्च कोटीको प्रेमले मानिस परिचालित भयो भने उसले हरदम के उचित छ, के आदर्शमय छ वा के गौरवपूर्ण छ त्यहि अनुसार चल्दछ। यो प्रेमले अभिप्रेरित भएको मानिस आफ्नो भावनासँग

सम्झौता गर्दैन। त्यसकारण येशूले सम्वोधन गर्नुभएको उच्च कोटिको प्रेम, शुद्ध, आदर्शमय र त्यागी प्रेम हो। परमेश्वरका भक्तजनहरूलाई यहि प्रेमबाट परिचालित भएर परमेश्वरमा भक्ति देखाउनुपर्दछ भनेर उहाँले निर्देशन दिनुभएको छ। यस्तो खालको प्रेम हुनुपर्दछ भन्ने उहाँको केवल इच्छा मात्र होइन आज्ञा पनि हो।

प्रेममा सबभन्दा पहिलो प्रेम परमेश्वरलाई सारा हृदयले, सारा आत्माले, सारा दिमागले प्रेम गर्नुपर्दछ भनेर यहुदीहरूलाई पहिलै थाहा थियो। अझ मर्कूसले त सारा शक्तिले भनेर जोडेको पाउँछौं (मर्कूस १२:३०)। मानिसको चारै पक्षहरूलाई औंल्याएर मानिस के हो भनेर येशूले सरल तरिकाले वाख्या गर्नुभएको पाउँछौं। उहाँले भनिरहनुभएको थियो, "तिम्रो पूरै जीवनशैलीबाट परमेश्वरलाई प्रेम गर्नु आवश्यकता छ।" पवित्र आत्माको फललाई टुक्रा टुक्रा गर्नु उहाँको चेष्टा होइन। तर यस प्रेमलाई मानिसको ती चार शारीरीक, मानसिक, आत्मिक र हार्दिक पक्षहरूलाई समेतेर अध्ययन गर्नु अत्यन्त उपलव्धीमूलक नहुने त होइन।

मत्ती ७:१२ र मत्ती २२:३९ पढ्नुहोस्। यी पदहरूले के उल्लेखनिय कुराहरू व्यक्त गर्दछन्? प्रेमको सारा अवधारणामा यो किन अत्यन्त महत्वपूर्ण मानिन्छ?

छिमेकीलाई आफूलाई जस्तो प्रेम गर्नु भनेको सारा मानिसलाई उदार चित्तले माया गर्नु हो। जुन प्रेम दोश्रो आज्ञामा व्यक्त गरिएको थियो, त्यहि प्रेम प्रथम् आज्ञा वा निर्देशनमा पनि व्यक्त गरिएका छन्। यो क्रियाशील प्रेम हो। यसमा मानिसको सबै इच्छा र मनोबृत्ति समावेश भएको हुन्छ। हाम्रो छिमेकीलाई हामीलाई जस्तै प्रेम गर्नु भनेको कुनै व्यक्तिलाई हामीले हामीलाई माया गरेको जस्तै प्रेम गर्नु हो।

निसन्देःह अरूलाई आफैलाई जस्तै प्रेम गर्नुपर्छ भनेर भाषा छाँट्नु सजिलो छ। तर त्यसलाई व्यवहारिकतामा उतार्नु कठिन हुन्छ। यस लक्ष्यमा तपाईं कसरी पुग्न खोज्नुभएको छ? अरू मानिसको सेवा गर्न आफू त्यागी वा सती जीवन बिताउनु पर्दछ भन्ने कठोर पाठ तपाईंले कसरी सिक्न सक्नुहुन्छ? वा सिक्न चाहनुहुन्न कि?

## २,प्रेमले के गर्छ (१ कोरन्थी १३:४-८)

"प्रेम सबै कुरा सहन्छ र दयालु हुन्छ :........ कसैको पनि खराबी सोच्दैनन्: ....सत्यमा आनन्दित हुन्छ, सबै कुराको आशा राख्दछ, सहिष्णुताले भरिपूर्ण हुने भएकोले सबै कुरामा स्थिर रहन्छ, प्रेम कहिल्यै पनि असफल हुँदैन।" (१ कोरन्थी १३:४-८)।

पहिलो कदममा प्रेमको परिभाषा दिइन्छ भने, दोश्रो कदममा त्यसलाई कसरी व्यवहारमा उतार्ने भनेर उल्लेख गर्दछ। मुखमा चिप्लो घसेर कसैलाई माया गर्छौं वा प्रेम गर्छौं भनेर हामीले कहिलै पनि भन्नु हुँदैन। "प्रेम वा माया" भन्ने शव्दसँग खेलबाद गर्नु हुँदैन, त्यसकारण यस मामिलामा हामी बढो होशियार हुनुपर्दछ। हाम्रो जीवनशैलीलाई आलोचात्मक रूपमा हेर्नुपर्दछ र हामीमा भएका प्रेमका तत्वहरूलाई बाइबलले व्यक्त गरेको अनुसार छ कि छैन भनेर विश्लेषण गर्नु पर्दछ।

१ कोरन्थी १३:४-८ पढ्नुहोस्। यहाँ व्यक्त गरेका प्रत्येक प्रेमका तत्वहरूलाई नियालेर हेर्नुहोस्। यसलाई आफ्नो जीवनमा कसरी लागु गर्ने भनेर आफैलाई सोध्नुहोस्। के यी प्रेमका मूल मर्महरू तपाईंका घरका परिवारले तपाईंमा भएको अनुभूति प्राप्त गरिरहेका छन्?

परमेश्वरले दिनुभएको प्रेमका यी गुणहरूलाई उहाँकै अनुग्रह अनुसार हामीले लागु गरि नै रहेका भएको भए हाम्रो घर र संसार कस्तो हुने थियो होला, कल्पना गर्नुहोस्। यस्ता सकारात्मक तथा हुनुपर्ने प्रेमका तत्वहरूलाई विकास गर्न दिने परिवारमा रहन पाएको भए कस्तो वातावरण हुने थियो होला? यस्तो प्रेमले सम्पन्न भएका मानिसहरूसँग संसर्ग गर्दा सबैले आशिषको अनुभव गर्न सक्दछन्। तपाईंले अरूलाई यस प्रेमको विधिमा हिंडाउन नसक्नुहोला, तर तपाईंकै जीवनमा यसलाई लागु गर्नु भएको भए सुनमा सुगन्ध हुने कुरामा कसैले पनि असहमती जनाउँदैन। प्रेमको यस्तो गुणहरूले सम्पन्न भएको व्यक्तिले अरूलाई अत्यन्त प्रभावित बनाउन सक्दछन्। तपाईंको जीवनप्रति तपाईंका मित्र तथा नातादारहरू अत्यन्त मुग्ध हुनेथियो होला। प्रेमलाई कसैले पनि प्रतिवाद गर्न सक्दैन। सबै सृष्टिहरूमा यो जस्तो शक्तिशाली र प्रभावशाली शक्ति तथा उर्जा अरू कुनै पनि छैन भने पनि हुन्छ। तपाईंका धर्म दर्शनहरूसँग मानिसहरूले

बादविवाद तथा प्रतिवाद गर्द सक्दछन्। तपाईंका विश्वास, जीवनशैली तथा आस्थाहरूसँग मानिसहरूले सहमती वा असहमती जनाउन सक्दछन्। तर कुनै पनि शर्त बिना देखाएका प्रेमसँग कसले विरोध गर्न सक्दछ र? यो खालको प्रेम येशूद्वारा संसारलाई प्रकट गरिएको हुन्छ। येशूको अनुग्रहलेमात्र यस्तो प्रेम अरूलाई खन्याउन हामी सक्षम हुन सक्छौं भन्ने तर्कमा के तपाईं असहमती जनाउनु हुन्छ?

तपाईंको जीवनमा बाईबलले देखाएको अनुसार प्रेमका कुन गुणहरूलाई व्यवहारमा उतार्न कठिन भएको महशुस गर्नु भएको छ? १ कोरन्थी १३:४-८मा दिएका प्रेमको परिभाषालाई तपाईंको जीवनशैलीमा फस्टाउन परमेश्वरको अनुग्रहको नितान्त आवश्यक हुन्छ। तपाईंले कसरी यसलाई मौलाउन दिने? तपाईं येशूभक्त भनेर दावी गर्नुहुन्छ भने बाइबलले परिभाषित प्रेमको पोको तपाईं हुनुपर्छ भन्ने महत्वलाई के तपाईंले न्युन ठान्नु भएको छ?

## ३. प्रेमले के गर्दैन

१ कोरन्थी १३:४-८ फेरि पढ्नुहोस्। तर यस बेला भिन्नै परिप्रेक्ष्यमा पढ्नुहोस्। प्रेम के हो र के गर्छ भन्ने कुरालाई के होइन र के गर्दैन भनेर पढ्नुहोस्। यसो हेर्दा नकारात्मक तरिकाले हेर्न सुझाव दिए पनि यसले प्रेमको सकारात्मक पक्षहरूलाई जोड दिएको पाउँछौं।

१ कोरन्थी १३:४-८मा उल्लेखित प्रेमको प्रत्येक नकारात्मक पक्षलाई हेरेर त्यसमा सकारात्मक गुणहरूलाई लेखेर पढ्नुहोस्। प्रेम भएको मानिसको दायित्व के हुनुपर्दो रहेछ भनेर पनि बुझ्न खोज्नुहोस्। फेरि‘ तपाईंको जीवनमा यी प्रेमका गुणहरूलाई प्रकट गर्नुपर्दा कस्तो कमी कमजोरी पाउनुभएको छ? तपाईंको जीवनमा साँच्चो प्रेमका लक्षणहरूको अझ राम्रो पकड हुनदिन तपाईंले कुन कदम चाल्नु पर्छ सो पनि सोच्नुहोस्।

**प्रेमले डाह, ईष गर्दैन..................**

प्रेम हुने मानिसले आफूले आफैलाई मपाईं भन्दैन अर्थात् अहँताले फुल्दैन...............

प्रेम हठी वा जिद्दीवाल हुँदैन..................

प्रेमले झर्को मान्दैन, कसैलाई पनि अभद्र वा अशिष्ट व्यवहार गर्दैन.................... प्रेम स्वार्थी अर्थात् आफ्नो सर्वोच्च भलाईमात्र खोज्दैन.................

प्रेम आवेशमा आएर सन्काहा हुँदैन, जङ्गिदैन........

प्रेमले कसैको पनि खराब सोच्दैन.........

प्रेमले कसैको नराम्रोमा खुशी हुँदैन..........

१ कोरन्थी १३ अध्यायमा परिभाषित प्रेमलाई विश्लेषण गरेर क्रमवद्ध रूपमा पढ्नुहोस्। माथी उल्लेखित बुँदाहरू र प्रेमका अरू महत्वपूर्ण बुँदाहरूलाई कागजको पानामा तपाईंले कोर्नुहोस् र त्यसलाई ध्यानपूर्वक आत्मसात् गर्नुहोस्। प्रेमको अनुकरणीय आदर्श नमुना येशू नै हुनुहुन्छ। उहाँले प्रेमलाई चरितार्थ बनाएर परम प्रभु परमेश्वर पिताको चरित्रलाई उजागर गर्नुभएको छ। यसरी बाइबल र येशूको परिप्रेक्ष्यमा प्रेम भनेको लोकले मानेको र चित्रण गरेको भन्दा अत्यन्त फरक भएको हामी पाउँछौं। माया, स्नेह, ममता‘ वात्सल्यता आदि प्रेमका उपज हुन्। यो लोक सम्मती नभएर बाइबल र येशूमा आधारित भयो भने हामी सच्चा प्रेमलाई अङ्गाल्छौं। बाइबलले देखाएको प्रेमलाई समेट्न सक्यौं भने मतीभ्रष्ट र लोकाचार प्रेमको जालोबाट हामी सुरक्षित हुन सक्दछौं।

## ४. सच्चा प्रेमको पहिचान कसरी गर्ने (मत्ती ५:४३-४८)

मत्ती ५:४३-४८मा उल्लेखित येशूका वचनहरूलाई आफ्नै शैलीमा वाख्या गर्नुहोस्। प्रेमले सम्पन्न भएको मानिस कस्तो मनस्थितिद्वारा परिचालन हुनुपर्दछ भनेर औंल्याएर त्यसको मुलभूत कुरालाई हाम्रो समक्ष येशूले राख्नुभएको छ?

यदि हाम्रा बैरीहरू वा हाम्रा बिद्रोहीहरूलाई हामीले प्रेम गर्नु पर्छ वा सदाशयता देखाउनु पर्छ भनेर येशूले भन्नुभएको छ भने हाम्रा बैरीहरू वा बिद्रोहीहरू को रहेछ भनेर पत्ता लगाउनु जरुरी छ। यदि तपाईंको परम शत्रु ती हुन् जसले तपाईंको ज्यानलाई मार्ने धम्की दिन्छ भने येशूले भन्नुभएको माथिको वचन तपाईंको लागि तत्काल लागु हुन नसक्ला

किनकि तत्कालै तपाईंलाई कसैले पनि ज्यान मार्ने धम्कि नदिएको हुन सक्छ।

तर शत्रु वा दुश्मनको परिभाषालाई विस्तृत रूपमा गर्दा केवल हामीलाई ज्यान मार्ने मान्छे मात्र भनेर जनाउँदैन। येशूले भन्नु खोज्नुभएको शत्रु हाम्रो प्रतिपक्षी, विरोधी, प्रतिस्पर्धामा हिँड्ने, चुनौती दिने, प्रतिद्वन्दी वा हाम्रो चरित्र हत्या गर्न खोज्ने व्यक्ति हुन् भन्नुमा अतियुक्ति नहोला। शत्रु ती हुन जसले तपाईंलाई घृणा गर्दछ र तपाईंलाई दुर्व्यवहार गर्दछ। यस्तो व्यक्ति कुनै अपरिचित वा सरोकारवाला व्यक्ति नभएर आफ्नै परिवारका जोडी वा परिवारका अरू सदस्य हुनसक्दछन्। परिवारमा कहिलेकाहिँ कचकच हुनसक्दछ र एक आपसमा प्रेममा चिसोपना आएको हुनसक्दछ। हुनसक्छ परिवारको कुनै दाजुभाई वा दिदी बहिनीले एक आपसमा रिसारिस गरेर एक अर्कोलाई गिराउन पनि कोशिष गर्छन् होलान्। जब यस्तो हुन्छ तब सानोतिनो कुरामा पनि बदलाको भावनाले ओतप्रोत भएर झगडाको बिउले बिकाराल रूप लिन सक्छ।

यो द्वन्द केवल घरमा मात्र नभएर तपाईंको काम गर्ने ठाउँमा पनि हुनसक्छ। तपाईंसँग धेरै वर्ष काम गर्ने मित्रले पनि तपाईंप्रति ईख गरेर तपाईंको विरोधी भएर खडा हुनसक्छ। तपाईंले अत्यन्त माया, स्नेह, ममता र सरोकार देखाएको व्यक्ति पनि तपाईंको बैरी हुन सक्दछ। चर्चमा पनि तपाईंका बैरीहरू हुन सक्दछन्।

त्यसकारण येशूको परिभाषामा र उहाँको आफ्नै जीवनमा खप्नु भएका बैरी केवल ज्यान मार्न धम्कि दिने व्यक्तिमा सिमित राख्नुभएको छैन भनी हामी जान्नु पर्दछ। तर ती मानिस हाम्रो बैरी वा अहित चिताउने व्यक्ति हुन् जसले हामीलाई त्रास देखाउँछन्, हामीलाई व्याकुल बनाउँछन्, हाम्रो खिलाफ तहल्का मचाउँछन्, हामी प्रति कृतघ्न भएर हाम्रै खिलाफमा हिँड्छन् जसले गर्दा त्यस्ता मानिसलाई बदला लिने भावनामा हामीलाई उत्तेजित गराउँछन्।

उपरोक्त कथनहरूलाई मध्य नजर राखे हितोपदेश १५:१, २५:२१ र १ पत्रुस ३:९ पढ्नुहोस्। प्रेमको मूल मन्त्रलाई आत्मसात् गर्न ती पदहरूले हामीलाई कसरी टेवा दिन्छ?

के रे, हाम्रो शत्रु, बैरी‘ हाम्रो डाह र ईख गर्नेलाई माया गर्नु रे? कतिलाई त आफ्नै मित्र वा घर परिवारका मानिसहरूलाई प्रेम दर्शाउन साऱ्हो भइरहेको छ भने, शत्रुलाई प्रेम गर्नु भनेको केवल दन्त्य कथा मात्र हुन सक्दछ। तर हामी येशूका भक्त हौं भनेर दावी गर्छौं भने यसकुरामा हामीले उहाँको अनुसरण कसरी गर्ने? हाम्रो हृदय कसरी रूपान्तरित हुनुपर्दछ जसले गर्दा हाम्रो दुश्मनलाई माया गर्न सक्षम हुनसक्दछौं? उनीहरूको निम्ति प्रार्थना गर्दा त्यस इसाई आदर्शमा के हामी पुग्न सक्दैनौं र? (कुनै यस्ता मानिसका जीवन कहानीहरू तपाईंलाई थाहा छन जसले ती प्रेमको आदर्शमा पुगेका थिए?)।

## ५. प्रेमले तमासा हेर्दैनन् तर सक्रिय हुन्छ (लुका १०:२५-३७)

एउटा बाइबल सिकाउने संस्था थियो। त्यहाँ बाइबल कसरी सिकाउने भनेर पढाउने एक जना शिक्षकले आफ्नो बिद्यार्थीहरूलाई एकदम भिन्नै तरिकाले कसरी प्रचार गर्नुपर्छ भनेर सिकाइरहेका थिए। उनले उसका प्रत्येक विद्यार्थीलाई असल सामरीको बारेमा प्रवचन दिनको लागि तयार गर्नु  भनेर अऱ्हाए। तिनीहरू एक एक गरेर एउटा कक्षादेखि अर्को कक्षामा गएर प्रेमको बारेमा प्रवचन दिनु भनेर अऱ्हाए। त्यसको साथै अरूलाई कसरी दया, ममता र करूणा देखाउनु पर्छ भनेर प्रवचन दिन लगाए। ती विद्यार्थीहरूलाई समय तालिका दिएको थियो जसमा तिनीहरूले सबै कक्षाहरूमा गएर प्रवचन दिनु पर्दथ्यो। ती विद्यार्थीहरू भविष्यका प्रचारक थिए। तिनीहरूले त्यस संस्थामा प्रचार गर्न शैली सिक्दै थिए। तब यस बेला जब तिनीहरू एक पछि अर्को कक्षामा गएर प्रचार गर्नु पर्दा तिनीहरू हतार हतारमा जानु पर्दथ्यो किनभने समय तालिका अनुसार चल्न तिनीहरूलाई वाद्य बनाएको थियो। कक्षाहरूको बिचमा विश्राम लिने समय तिनीहरूको निम्ति थोरै थियो। कक्षामा जाने क्रममा हरेक विद्यार्थी एक निश्चित बरन्डामा भएर जान निर्देशन दिइएको थियो। त्यहाँ जानाजानी एक जना माग्नेलाई राखीएको थियो।

त्यस समय के भयो यसले प्रभावशाली पाठ सिक्न सघाएको थियो। कतिपय विद्यार्थीहरूले त्यस माग्नेलाई मद्दत गर्न रोकिएको थियो।

तर जब कतिले त्यहाँ रोकेर त्यस माग्नेलाई मद्दत गरे भनेर गन्दा एकदम थोरै विद्यार्थीहरूले मात्र सहायता गरेका भेट्टाए। कतिपयले त समयको चापले गर्दा त्यस माग्नेलाई वास्ता पनि गरेको भेट्टाएनन्। असल सामरीको बारेमा प्रचार गर्ने हतार हतारमा उनीहरूकै अगाडि रहेका माग्नेलाई ध्यान दिन पनि फुर्सद तिनीहरूले पाएनन्। त्यस असल सामरीको कथाको केन्द्रविन्दु माग्ने अर्थात् दुःखमा परेको व्यक्ति थियो। प्रचार गर्ने शिलशिलामा त्यस असहाय व्यक्तिलाई देख्दा पनि नदेखी हतारमा आफ्नो काम पूरा गर्न ती विद्यार्थीहरू व्यस्त भएका थिए।

हाम्रो दुश्मन को रहेछ भनेर अगाडिको बुँदामा हामीले हेऱ्यौं। अहिलेको प्रश्न छ, हाम्रो छिमेकी को हो त? लुका १०:२५-३७मा येशूले हाम्रो निम्ति कसरी त्यस प्रश्नको जवाफ दिनुभएको छ? सच्चा प्रेम भनेको के रहेछ भनेर यस कथामा हामीलाई कसरी वाख्या गर्न खोजेको छ? जब तपाईंले यस कथालाई पढ्नुहुन्छ येशूले विशेष गरि किन धार्मिक प्रवृति भएका मानिसहरूलाई खलनाएकको रूपमा खडा गराउनुभयो? हामी सबैले त्यसबाट के अमूल्य आत्मज्ञान पाउन सक्दछौं?

यहि कथालाई मध्य नजरमा राखेर यी रोचक कुरालाई सोच्नुहोस्ः "जब म भोकाएको थिएँः तिमीहरूले एक एनजिओ खडा गरेर त्यो भोकलाई कसरी मेटाउने भनेर छलफलमा व्यस्त भयौ। जब म झ्यालखानामा थिएँ' कति मानिसहरूले अपराध गरे भनेर आँकडा बनाउँदै तिमीहरूले गुनासो व्यक्त गऱ्यौ। जब म नाङ्गो थिएँ, तिमीहरूले मेरो नग्नताप्रति हाँसो उडायौ र मेरो रूपको खिलाफमा नैतिकताको भाषण छाँट्यौ। जब म बिरामी थिएँ' तब तिमीहरूले तिमीहरूको स्वस्थ जीवनको निम्ति परमेश्वरलाई धन्यबाद चढायौ। जब म घरबार विहिन भएर भौतारिएको थिएँ' तब तिमीहरूले परमेश्वरको प्रेममा आश्रय पाइन्छ भनेर प्रचार गर्न व्यस्त भयौ। तिमीहरू कस्तो साधु, पवित्र र परमेश्वरको अघि नजिक भएको त देखायौः तर जब म भोकाएका थिएँ, एक्लोपनामा जाकिरहेको थिएँ' लुगा नपाएर नाङ्गो भइरहेको थिएँ', बिरामी भएर सिकिस्त भएको थिएँ' तव के तिमीहरूले मलाई वास्ता गऱ्यौं?"

इमान्दारी पूर्वक तपाईंले आफूले आफैलाई सोध्नुहोस्। असल सामरी व्यक्ति अर्थात् परोपकारी व्यक्ति हुन तपाईंको जीवनशैली मा के परिवर्तन आउनुपर्दछ? तत्काल कुनै न कुनै किसिमले अर्थात् मनको वेदना वा शारीरिक बेदना खपिरहेका व्यक्तिलाई तपाईंले चिन्नु भएको छ? आफूसंग नभएको चिजलाई त्याग्नु बिरता होइन। तर यस्तो व्यक्ति जो पिल्सिएका छन्, त्यसलाई छिमेकीको रूपमा ग्रहण गर्न तपाईंको स्वार्थलाई कत्तिको त्यागन चाहनुहुन्छ?

**उपसंहारः**

अरू जानकारीः एक दिन एक जना आर्थर जाजोन्क नाउँ गरेका वैज्ञानिकले एउटा बाकसमा उज्यालोले भरिदिए। तर त्यसले त्यस बाकसमा ज्योतीलाई प्रतिविम्वित गर्ने कुनै पनि साधन राखेका थिएनन्। त्यस बाकस भित्र केवल ज्योति मात्र थियो। यदि तपाईंले त्यस बाकस भित्र आँखा गाडेर हेर्नुभयो भने के देख्नु हुन्थ्यो होला? ज्योति आफै कस्तो देखिन्थ्यो, के तपाईंलाई थाहा छ?

त्यहाँ त अन्धकार मात्रै देख्नु हुन्थ्यो। त्यो खाली ठाँउमा अन्धकार मात्र तपाईंले देख्न सक्नुहुन्थ्यो। यदि त्यहाँ कुनै प्रतिविम्व गर्ने वस्तु भएन भने त्यहाँ अन्धकार मात्र देखिन्छ। वा सिधै उज्यालोमा हेर्नु भयो भने मात्र तपाईंले त्यो चम्केको देखिन्छ। उज्यालो आफै अदृष्य छ। अनि त्यो वैज्ञानिकले एउटा डण्डा त्यस बाकस भित्र पसायो, जुन भागमा उज्यालो परेको थियो त्यो भाग चम्किएको थियो। त्यहाँ पातलो ज्योति त्यस डण्डाको भागमा मात्र परेकोले त्यो मात्र चम्किएको थियो। तर यसको मतलव यो होइन कि त्यस बाकसमा ज्योति त्यहाँ मात्र थियो। त्यो ज्योति बाकस भरी नै थियो जसरी पानीले भरेको जस्तै। जबसम्म अरू वस्तुमा त्यो ज्योति प्रतिविम्वित गर्न सकेन तबसम्म त्यो ज्योति अदृष्य वा अन्धकार नै थियो।

जब सूर्यको किरण यस संसारमा आउँछ त्यो विभिन्न रंगअनुसार चम्कन्छन्, तर त्यो चमक मौसम र दिनको समय अनुसार हुन्छन्। चन्द्रमामा जतिसुकै सूर्यको किरण छाएपनि तपाईंले त्यसलाई हेर्नुभयो भने

त्यहाँ जाजोन्कको बाकस मात्र देख्नुहुन्छ। त्यो केवल अन्धकार र शुन्य स्थान मात्र हो। चन्द्रमामा वायुमण्डल छैन, हावा छैन, कुनै रसिलोपना वा भिज्ने पदार्थ छैन न त कुनै ग्याँस वा धुवाँहरू नै छन् जसले गर्दा त्यहाँ सूर्यको किरणमा विविध रँग भएको देख्छौं।

यहाँ प्रमाणित गर्न खोजेको तर्क के हो त भन्दा, उज्यालोपना कुनै चिजमा प्रतिविम्व गर्न सकेन भने त्यो उज्यालो केवल अन्धकार मात्र देखिन्छन्।

**चिन्तनमननः**

१, माथि उल्लेखित ज्योतिको उदाहरणले तपाईंले के आत्मिक ज्ञानहरू पाउनु हुन्छ? हेर्नुहोस्ः १ युहन्ना १ः५, २ः९-११, ४ः८, लुका ११ः३५।

२. आफ्नो दुश्मनलाई माया गर्नु भन्ने कुरालाई राम्रोसँग सोच्नुहोस्। लुका २३ः३४मा भनिएको छ, “अनि येशूले भन्नुभयो, ‘पिता, तिनीहरूलाई क्षमा दिनुहोस्, किनभने तिनीहरूले के गरिरहेकाछन् तिनीहरूलाई नै थाहा छैन।’” के तपाईंको दुश्मनको निम्ति तपाईंले प्रार्थना गर्नुहुन्छ? हामीलाई घृणा गर्ने, हेप्ने, पाखा लगाउने, आतङ्कित बनाउने तथा दुर्व्यवहार गर्ने मानिसहरूप्रति असल नियत राख्नु मानविय हिसाबले कठिन कुरो हो। तर जब हामीले हाम्रा बैरी तथा प्रतिद्वन्धीहरूको निम्ति प्रार्थना गर्दछौं, यसले उनीहरूप्रति हाम्रो मनोभाव र हृदय बदलाउन सक्दछन्। जब हामीलाई घृणा गर्ने, तुच्छ ठान्ने, आतङ्कितको वातावरण सृजना गर्न रुचाउनेहरूको निम्ति हामीले प्रार्थना गर्दछौं, तब ती मानिसहरूलाई परमेश्वरको चश्माले हेर्न सघाउँछ। किनभने यसरी हेर्दा उनीहरू पनि हामीलाई जस्तै परमेश्वरको अनुग्रहको खाँचो भएका मानिसहरू हुन् भनी सदाशयको दृष्टिले अभिप्रेरित हुन सकिन्छ। उनीहरूको हित चिताउन र उनीहरूलाई आशिष दिन हामीले शक्ति पाउँछौं। यदि येशूको मनोभाव हामीले वोक्न सक्यौं भने, हामीलाई घृणा गर्ने मानिसहरूलाई सराप्नुको सट्टा प्रार्थना गर्न

उक्साउन सक्दछ। यो प्रवृत्तिको विकास गर्न हामीले के गर्नुपर्दछ?

३. जीवनको चक्रमा यस्तो घट्ना पनि हुन सक्दछ। कोहि मानिसको मोटर कुनै राजमार्गमा विग्रेको थियो। त्यहाँ एक जना मानिसले आफ्नो कार रोकेर उसलाई सहायता गर्न खोज्दछन्। तर त्यसलाई मोटर विग्रेको मानिसले कुटेर लुट्दछ। अरूको हित चिताउँदा आफूले प्रतिकूल व्यवहार खप्न परेकोले त्यस मानिसले भन्दछ, "अब देखि म कहिल्यै पनि असल सामरी हुँदिन।" यस्तो मानिसलाई तपाईंले के जवाफ दिने?

४, साँच्चिकै निश्वार्थी माया, प्रेम, सदाशयता तथा स्नेहको पोको भएको मानिस तपाईंले कहिलै भेट्नुभएको छ? यस्ता व्यक्तित्व भएको मानिस कस्तो खालका थिए? तिनीहरूले के गरे जसले गर्दा उनीहरू प्रेमले जागरुत भएको मानिस भेट्टाउनुभयो? यस्तो खालको प्रेम देखाउन उनीहरूले कत्तिको व्यक्तिगत कष्ट भोगे होलान् जसले गर्दा उनीहरूले येशूको प्रेम झल्काउन सक्षम् भए?

✞📖✞

३

# पवित्र आत्माको फल

# आनन्द हो

***<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>*** भजन १३९, लुका १५:४-२४, युहन्ना १५:१०,११, हिब्रु ११:१६।

***<u>याद गर्नु पर्ने पद:</u>*** "मैले यी जे जति तिमीहरूलाई बोले, त्यसैकारणले बोलें कि मेरो आनन्द तिमीहरूमा रहिरहोस्, र तिमीहरूमा भरिपुर मात्रामा आनन्द, हर्ष तथा प्रसन्नता होस्।" युहन्ना १५:११।

याद गर्नु होस् आनन्द र खुशी एउटै हुनुपर्छ भन्ने छैन। आफूले मन पर्ने वातावरणको उपज तथा नतिजा खुशी हो। तर सच्चा आनन्द (सच्चिदानन्द) चाहिँ सत्य रुख येशूमा गाभिएर जुनसुकै अवस्थामा पनि आत्मसन्तुष्टको मनोवृतिमा रहनु हो। यो वाह्य वा अनुकुल परिस्थितिमा मानिसलाई खुशी पार्ने भन्दा भिन्न छ।

यथार्थमा भजन ४:७मा खुशी र आनन्दलाई तुलना गरेर त्यसको भिन्नतालाई पुष्टि गर्न खोजेको पाउँछौं: "नयाँ मद्य र प्रसस्त अन्न बालीलाई भित्राउनेले भन्दा मलाई तपाईंले अत्यन्त धेरै आनन्द दिनुभएको छ।" परमेश्वरको बारेमा आत्मज्ञान भएर र उहाँमाथि भरोसा राख्दा "महान् तथा अत्यन्त आनन्द" अर्थात् "सच्चिदानन्द"को आभास् पाइन्छ। तर खुशियाली भनेको रमाइलो वातावरणले त्याउने मानसिक तत्व हो। सफल वन्ध व्यापार तथा प्रसस्त बालीले मानिस हर्षित हुनु भनेको परिस्थितिले ल्याउने रमाहट हो। जो मानिस परमेश्वरमा भरोसा राखी राख्छ त्यस मानिसले जुनसुकै प्रतिकुल अवस्थामा पनि भित्री आनन्दले भरिरहेको हुन्छ। उसमा हुने त्यस आनन्द स्थिर आनन्द हो। रमाउनु तथा खुशी हुनु भनेको खेतको बाली जस्तो हो। कहिले प्रसस्त बाली हुन्छ कहिले हुँदैन। भित्री आनन्दले कुनै पनि नैराश्यलाई हराइ दिन्छ। तर खुशियाली वा रमाहतले त्यस नैराश्यलाई केवल ढाकछोप मात्र गर्दछ। भित्री आनन्द नित्य वा चिरस्थाई हुन्छ, तर खुशियाली अनित्य अर्थात् अस्थाई हुन्छ।

मानिस जुनसुकै प्रतिकुल अवस्था जस्तै दुःखमा होस् वा अनुकुल अवस्था जस्तै खुशियालीमा होस्, यदि उसमा आनन्द छ भने त्यो प्रसन्न मुद्रामा

रहिरहन्छ। यो सुख दुःख भन्दा पनि गहिरो छ। मानिसमा यस्तो खालको आनन्द केवल परमेश्वरको उपस्थिति आफ्नो जीवनमा भइरहेको आभास भए मात्र हुन्छ। यस खालको आनन्दले मात्र मानिस परिस्थितिमाथि उक्लेर रहन र परमेश्वरको प्रेम र कृपालुपना रहिरहन सक्छ। येशूभक्तहरूको आनन्दको मुख्य केन्द्र नै परमेश्वरले हाम्रो निम्ति के गर्नुभयो र उहाँमा भरोसा राखिरहनेहरूलाई उहाँले के गरिरहनुहुन्छ भन्ने आत्मज्ञानमा निपुण हुनु हो।

## १, सदा आनन्दमा रहन विषेश आदेश (फिलिप्पी ४:४)

कति विश्वासीहरूले जानाजानी यस्तो परिस्थिति आफूलाई धकेल्छन् र जहाँ बलीको बोको हुन पुग्छन्। अनि धर्म कमाउनेको नाउँमा दुःख, कष्ट, असहजपना, आत्मदण्ड (आफ्नो जीऊलाई जोखिममा पार्ने गरी यातना दिनु) आदिलाई निम्त्याउँछन्। (रोमन क्याथोलिकहरूका एक समूह छन् जसलाई ओपुस डेई भनिन्छ। ती मतका मानिसहरूले दिनभरी आफूले केहि पाप गरेका छन् भने एक वन्द कोठामा गएर आफूले आफैलाई नाङ्गो ढाडमा कोर्रा लगाउँछन्। पुनरुत्थानको चाड अर्थात् इस्टरमा फिलिप्पिन वा अन्य देशहरूमा विश्वासीहरूले आफूलाई क्रुसमा झुन्ड्याएको खबरहरू छापाहरूमा हामी पढ्छौं।) आध्यात्मिक अनुभवमा उचाईंमा लान अनि भएन भने गहिराईमा खसाल्न यस्ता क्रियाकलापहरूमा आफूलाई संलग्न गराउँछन्। यस्ता मनोभाव बोकेका कुनै पनि विश्वासीहरूको निम्ति आनन्द हुनु, खुशी हुनु असम्वभमात्र होइन अनुचित पनि ठान्नु स्वाभाविक मान्नु पर्दछ। तर पावलले अनुरोध मात्र होइन परमेश्वरमा आनन्द हुनु भनेर आदेश (फिलिप्पी ४:४) किन दियो भन्ने तर्कलाई बुझ्नु हरेक येशूभक्तको निम्ति महत्वपूर्ण विषय हो।

हो यो कुरा सत्य हो, हामी प्रत्येक परिस्थितिमा र प्रत्येक व्यक्तिहरूसँगको रहनसहनमा सधै खुशी नै भइरहनुपर्छ भन्ने छैन न त हुन नै सक्दछ। कतिपय प्रतिकूल परिस्थितिमा हामी जाकिन पुग्छौ, र हाम्रो सम्पर्कमा आएका मानिसहरू हामीलाई सधैं हर्षको खोलामा नै डुवाइ राख्छन् भन्ने जरुरी छैन। हामी कुनै प्लास्टिकको पुतली नभएर जीवित मानिस भएको

कारणले परिस्थिति तथा मानिसहरूबाट ल्याउने नकारात्मक तत्वहरूले दु:खित तुल्याउनु स्वभाविक मान्नु पर्दछ। यद्यपि, हामी परमेश्वरमा सधैं आनन्द गरिरहन सक्छौं, किनभने उहाँ सदा सर्वदा असल हुनुहुन्छ र उहाँ कहिलै पनि बदल्नु हुन्न।

यस ढलपल संसारमा हामी आत्मिक जीवनमा स्थिर भयो भने हामी हत्तपत्त ढल्दैनौं। तर त्यस स्थिरतालाई मजबुत बनाउन परमेश्वरमा निष्ठावान हुनु र उहाँको आत्मज्ञानमा तल्लिन हुनु अत्याश्यक छ। ती ज्ञान र आस्थासँग सिधै हाम्रो आध्यात्मिक जीवन जोडेको हुन्छ। उहाँसँग हामी परिचित भयौं भने हामी कुनै पनि परिस्थिति भन्दा माथि उक्लिएर बस्न सक्दछौं। यसले गर्दा नै हामी आत्मिक जीवनमा परिपक्वता हासील गर्न सक्दछौं। यसैलाई नै मध्यनजर राखेर भजनसंग्रह कविता तथा संगीतको शैलीमा रचिएका थिए, जसले गर्दा इस्रायलका मानिसहरूले पवित्र शास्त्रलाई कण्ठ गर्न सकोस् र गीत गाएर परमेश्वरप्रतिको ज्ञानको गहिराइमा जान सकोस्। यदि भित्री हृदयदेखि नै परमेश्वरलाई जान्न सक्यौं भने संसारका सबै थोक हाम्रो निम्ति कमसल देखिन जान्छ।

भजन १३९, रोमी ८:२८, र १ पत्रुस १:८,९ पढ्नुहोस्। के यी भजन तथा पदहरूमा हामीलाई आनन्द तुल्याउने तत्वहरू पाउँछौं? प्रतिकुल विश्व परिस्थितिमा जाकिरहेका हामीहरू, हर्षको जीवन बिताउन के कारणहरू छन् त? परमेश्वरले ती पदहरूमा हामीलाई प्रतिज्ञाहरूले भरिदिनुभएको छ। यिनीहरूलाई आत्मसात् गरेर हामी आत्मसंतुष्टी र आनन्द हुन कसरी सिक्ने?

तपाईंलाई प्रसन्न मुद्रामा रहन अरू के केको आवश्यकता पर्दछन्? अर्थात् कुन आत्मज्ञानहरू तपाईंमा छन् जसले गर्दा तपाईं आनन्दको अनुभूति पाउनुहुन्छ? यी कुराहरूलाई सोच्नुहोस्: परमेश्वरले हामीलाई पापको दलदलदेखि उद्धार गर्नुभएको छ, हामीलाई उहाँका सन्तान हुने अधिकार दिनुभएको छ र येशूमा हामी स्वर्गको राज्यमा सहभागी हुन सक्दछौं (एफिसी १:१-११), जब येशू फर्कनुहुन्छ तब हामी उहाँको उपस्थितिमा आनन्द पाउनेछौं र उहाँले स्वर्गमा तयार गर्नुभएको भवन तथा स्थानहरूमा रहन सौभाग्य पाउनेछौं (युहन्ना १४:२,३)। त्यो समय

नआउँञ्जेल हाम्रा सबै आवश्यकताहरू उहाँले पुरा गरिरहनुहुनेछ भनेर दिनुभएको बाचामा भिजीरहँदा कसलाई आनन्दको अनुभूति नहोला र? (फिलिप्पी ४:१९)। फेरि अहिले नै हामीले सर्वोच्च रूपमा प्रेम गर्ने परमेश्वरको सेवा गर्न सौभाग्य पाएका छौं भन्ने यथार्थलाई भुल्नुहुन्न। उहाँको सेवा गर्नु वा उहाँप्रति हाम्रो भक्तिभाव देखाउनु भनेको अंध्यारोमा छामछुम गरिरहेका मानिसहरूलाई उहाँको सुसमाचार सुनाउनु हो, हाम्रा सह-इसाई मित्रहरूलाई परमेश्वरप्रति प्रेम जगाउन र उहाँको सेवा गर्न प्रोत्सहन दिने काममा संलघ्न हुनु हो। फेरि कुनै स्थान वा समयको परिधिमा नरहेर परमेश्वरलाई जहाँ पनि जहिले पनि प्रार्थना गर्नसक्छौं भन्ने ज्ञानले पनि हामीलाई खुशी तुल्याउनु स्वभाविक नै हो (हिब्रू ४:१५:१६)। अन्तमा, हाम्रो नित्य जीवनमा मृत्युले रजाइँ गर्न पाउने छैन भन्ने ज्ञानको कारणले हामी आनन्द हुनुपर्दछ (१ कोरन्थी १५:५४)।

माथि उल्लेखित तथा अरू कतिपय प्रतिज्ञाहरू र विविध कारणहरूले गर्दा हामीलाई खुशी र आनन्दमा रहन अवसर प्रदान गर्दछन्। तर, हामी दुःख, कष्ट, दिग्दारीपनि, नैराश्य र बिमार आदिसँग संघर्ष त गरि नै रहेका छौं। यो अनित्य जीवनको यथार्तता हो। जसरी अनेकन् दैवि प्रकोप पार भएर जाने जस्तै हाम्रो जीवनमा आउने ती प्रतिकुल परिस्थिति पनि पार भएर जान्छन् नै। यद्यपि, ती त्रासपूर्ण वातावरणमा पनि येशूमा आनन्द हुनुपर्छ भन्ने कुरा कसरी सिक्ने? येशूमा आनन्द हुन दिनु र नदिनुमा हाम्रो रोजाइमा भर पर्दछ। त्यस रोजाइलाई ठूलो मात्रामा प्रभावित पार्ने श्रोत वाहिरी र आन्तरिक नै हुन्। येशूभक्तको जीवनलाई आनन्दमय बनाउन तपाईंले कसलाई चुनीरहुनभएको छ?

## २, येशूमा आनन्द (हिब्रू १२:२,३)

इसाई आनन्दलाई पूर्ण रूपमा बुझ्न येशूकै आनन्दले भरिएको जीवनलाई नियाल्नु आवश्यक छ। येशूलाई थाहा छ, उहाँ क्रुसको क्रुरतामा पर्नु हुनेछ, यद्यपि, उहाँ प्रसन्न मुद्रामा हुनुहुन्थ्यो। त्यो मुद्रा उहाँमा कहाँबाट आयो त? येशूले के मूल नितिहरूलाई पछ्याउनु भयो जसले गर्दा उहाँको हृदय आनन्दले भरिएको थियो?

येशूका कथाहरूमा तल तिन वटा प्रख्यात कथाहरूलाई औँल्याइएको छ। तिनीहरूमा आनन्द हुने कुरालाई उल्लेख गरिएका छन्। केले गर्दा यी कथाका मूल पात्रहरू खुशी भए? तिनैवटा कथाहरूमा के साझा अवधारणाहरू प्रस्तुत भएका छन्?

हराएको भेँडा (लुका १५:४-७)

हराएको सिक्का (लुका १५:८-१०)

उडन्ता पुत्र (लुका १५:११-२४)

ती तिनैवटा कथाहरूले परमेश्वरको दिललाई राम्रोसँग बुझाउँछन्। खुशी भएर हृदयले नै उत्सव मनाउन चाहन्छ। हराएकाहरूलाई भेट्टाउँदा नै परमेश्वरको शुद्ध आनन्द र खुशियालीपना प्रदर्शन हुन्छ। येशूले धेरै कष्ट भोग्नु भयो, धेरै दुःख झेल्नुभयो, तैपनि उहाँ आनन्दले भरिनुभएको थियो। यो किन भयो भन्दा, उहाँलाई थाहा थियो, धेरै मानिसहरूलाई मोक्ष दिलाउन उहाँको अथक प्रयासले सफलता पाउनेछ।

हिब्रू १२:२,३मा व्यक्त गरेका शव्दहरू कस्ता महत्वपूर्ण छन् भनेर सोच्नुहोस्। प्रार्थनापूर्वक ती पदहरू पढ्नुहोस्: “लज्जास्पद क्रुसलाई उहाँले वास्ता गर्नु भएन। उहाँले लक्षित गर्नुभएको आनन्दले गर्दा नै उहाँले कष्टहरू भोग्न राजी हुनुभयो।“ पावलले व्यक्त गरेका यी भावनाका अर्थहरूलाई आफ्नै शव्दहरूमा लेखेर साधना गर्नुहोस्। येशूको सामुन्ने के आनन्द थियो त? हराएका, पिछडिएका, हेपिएका तथा संसारदेखि विरक्त भएर निराशमय जीवन बिताइरहेकाहरूलाई उद्धार गर्नु परमेश्वरले किन महत्व मान्नुभएको छ?

यशैया ५३:२ अनुसार येशूलाई सबै दुःख र कष्टको ज्ञान थियो र त्यसको सामना पनि गर्नुभएको थियो, तर फेरि त्यसै वखत उहाँ प्रसन्न मुद्रामा रहनु भयो। यी दुई कुराहरूलाई येशूले कसरी मिसाउनु भयो? तपाईँको जीवनमा यस्तो कहिलै भएको छ जसले गर्दा तपाईँले दुःख र पिडा खप्नु पऱ्यो। फेरि त्यसै वखत तपाईँले येशूले अनुभव गर्नुभएको आनन्दलाई तपाईँले कसरी आत्मसात् गर्न सफल हुनुभएको छ?

## ३, परमेश्वरको आज्ञालाई पालन गर्दा प्राप्त हुने आनन्द (युहन्ना १५:११)

यूहन्ना १५:१०,११मा येशूले आनन्दलाई केसँग जोड्नुभएको छ? यो कसरी क्रियाशील हुन्छ? यसले मानिसलाई किन आनन्दपनामा डोऱ्याउँछ? “परमेश्वरको व्यवस्थालाई पालन गर्ने मानिस धन्यका हुन्,,,,,,उसले उहाँको व्यवस्था अर्थात् आज्ञाहरूलाई दिन रात सोच्दछ।“ (भजन १:१,२)।

“हे मेरा परमेश्वर, म तपाईँको इच्छालाई पालन गर्न चाहन्छु। तपाईँको व्यवस्था मेरो हृदय भित्रै गाभिएका छन्।“ (भजन ४०:८)।

परमेश्वरको इच्छामा सम्मिलित भएर हाम्रो जीवन यापन गर्नु भन्दा अर्को महान् आनन्द कुनै पनि हुँदैन। परमेश्वरका आज्ञाहरूलाई मनन गर्दा हाम्रो विवेकलाई आँच आउन सक्दछ भनेर कत्तिले नसोचेको त होइन। हाम्रो मन र दिमागलाई यसले दोषी ठहराउने भएकोले यसलाई ख्याल नगर्नु नै श्रेय हुन्छ भनेर उनीहरूले ठान्दछन्। तर परमेश्वरको इच्छालाई पालन गर्दा मानिसलाई दोषबाट स्वतन्त्र बनाउँछ भन्ने तर्कलाई भुल्नु हुँदैन। परमेश्वरको आज्ञालाई उलंघन गर्दा नै स्वर्गमा युद्ध सुरू भयो। यसको फलस्वरुप यस पृथ्वी ग्रहमा पाप र मृत्युले आधिपत्य जमायो। परमेश्वरको इच्छालाई पालन नगर्दा सारा मानविय दुःख र कष्ट भइरहेका छन्। त्यसकारण परमेश्वरको इच्छालाई पालन गर्दा हाम्रो हृदयमा आनन्दको बिऊ पल्हाउन सघाउँछन्। तर त्यो इच्छा पालन गर्न प्रथमतः उहाँमा विश्वास र आस्था हुनुपर्दछ।

आनन्दको अनुभूति प्राप्त गर्नु छ भनेर परमेश्वरको विधिको शासनमा हिंड्नु पर्दछ भनेर निम्नलिखित पदहरूले कसरी व्यक्त गर्दछन्: भजन १९:८, यर्मिया १५:१६, मत्ती ७:२१-२७?

याद गर्नुहोस्, हाम्रो धर्मकर्मले हामी मुक्ति पाउँदैनौं भनेर बाइबलले स्पष्ट पारेको छ। तर मुक्तिको अनुभव गर्नेले कामबाट अलग्गिन सक्दैनन् भनेर बाइबलले नै पुष्टि गर्दछ। हामीहरूले सदआचरण वा परमेश्वरले दिनुभएका कामलाई शिरोपर गर्दा उहाँले दिनभएको मुक्तिप्रति हामी आभारित छौं भनेर सारा जगतलाई देखाउँदछौं। परमेश्वरका आज्ञालाई निष्ठापूर्वक पालन गर्दा‘ “ए, यिनीहरू त कट्टर नितिनियमहरूमा चल्ने रहेछ” भनेर हामीलाई

मानिसहरूले आरोप लगाउन सक्दछ। यदि हामी पनि यिनीहरूको मनस्थितिमा जाकियौं भने यशैयाले चेतावनी दिए अनुसार धरापमा पर्न सक्दछौंः "खराबलाई असल भन्नेहरू कस्तो नराम्रो ! फेरि असललाई खराब भन्नेहरू पनि कस्तो नराम्रो ! अन्धकारलाई उज्यालो भन्नेहरू कस्तो नराम्रो ! तितोलाई मिठो र मिठोलाई तितो भन्नेहरू कस्तो नराम्रो !" (यशैया ५ः२०)।

आज्ञालाई शिरोपर गर्दा कहिलै तपाईंले आनन्दको अनुभव गर्नु भएको छ? परमेश्वरलाई नमान्दा कति फेरा तपाईंले दुःख र दर्दको अनुभव गर्नुभएको छ?

## ४, कठिन समयमा पनि आनन्दको अनुभूति गर्नु (युहन्ना १६ः३३)

कुनै मानिस कठिन समय गुजारीरहेको छ भने त्यो मानिसले कुनै नराम्रो काम गऱ्यो वा उसँग पूरा विश्वास छैन भनेर आगोमा घिउ हाल्ने लोकहरूको विश्वास हो। अरू माथि यस्तो फैसला गर्ने धारणाले परमेश्वरको चरित्रमाथि हिलो छ्यापेको हुन्छ। यस्तो गलत धारणाले परमेश्वर असभ्य, चिसो, हृदयहीन र निष्ठुर हुनुहुन्छ भनेर देखाउँछ। चाहे परमेश्वरमा आस्था राख्ने होस् वा नहोस् यस संसारमा सबैले दुःख कष्टको सामना गर्नुपर्छ भनेर येशूले स्पष्ट रूपमा भन्नु नै भएको थियो। दानियललाई सिहँको खोरमा फ्याकेको र उनलाई त्यसबाट परमेश्वरले जीउँदै उद्धार गरिएको कथा हामी सबैलाई मन पर्ने विवरण हो। तर प्रथम् सताव्दीदेखि तेश्रो सताव्दीसम्म हजारौं येशूभक्तहरूलाई सिहँको मुखमा फ्याँकेर तिनीहरूलाई धुजा धुजा पारेको इतिहास साछी नै छ। आतङ्ककारी तथा निष्ठुर रोमी राजा निरोले रोम शहरलाई जलाएर त्यसको दोष इसाईहरूमाथि थोपारेको थियो जसले गर्दा तिनीहरूलाई जीउँदै मैन बत्तीको रुपमा जलाउन बहाना पाएको रोमको इतिहासले बताउँछ। दानियलको कथामा परमेश्वरका तिन जना भक्तहरूलाई बेबिलोन (आधुनिक इराक)को सम्राट नेबुक्दनेजारले आगोको भट्टीमा भुट्न खोजेको थियो तर परमेश्वरले तिनीहरूलाई कसरी उद्धार गर्नु भयो भन्ने कथालाई हामी रोचक मानेर पढ्दछौं। (तर अंग्रेजहरूको देश बिलायतमा हजारौं येशूभक्तहरूलाई जीउँदै

चितामा सती पठाएको कुनै पनि इतिहासले नकारेको छैन। येशूको निम्ति प्रथम शहिदहुनेहरू सयौं बालबालिकाहरू थिए जब राजा हेरोडको तरवार तिनीहरूमाथि बज्रिएको थियो। इसाई इतिहासमा ४ करोड (४० मिलियन) भन्दा बेसी येशूमा आस्था राख्नेहरूलाई निर्मम यातना सहित मृत्युको मुखमा फैंकिएको बृतान्तले इसाई जीवन रगतले भिजीएको जीवन हो भनेर पुष्टि गर्दछ। यो केवल विगतका इतिहासमा मात्र लेखिएको होइन अहिले पनि हजारौं येशूभक्तहरू संत्रासपूर्ण बातावरणमा जीइ रहेका छन् भनेर भ्वाइस अभ मार्टियरस् संस्थाले बताइरहेको छ। उक्त पुस्तक पढिरहनेले पनि कुनै न कुनै रूपमा आफूलाई जीउँदो शहिद भइरहेको अनुभव होला। पावलले भन्दछन् "तपाईँको खातिर हामी सधैंभरी मारिएका छौं र हामीहरूलाई बधशालामा थुपारेका भेंडाहरू झैं भएका छौं" रोमी ८:३५)।

यस्तो कष्टपूर्ण तथा त्रासपूर्ण परिस्थितिमा परमेश्वर हामीसँग हुनुभएकोले के आशा र प्रतिज्ञाहरूलाई आत्मसात् गर्नुपर्छ भनेर निम्नलिखित पदहरूले हामीलाई देखाउँछन्? के यिनीहरूबाट तपाईंले हौशला पाउनु भएको छ? हेर्नुहोस्: गलाती ६:९, याकुब १:२-४ र १ पत्रुस १:६।

येशूको उपासक हौं भनेर दाबी गर्ने कतिपय विश्वासीहरू प्रसन्न मुद्रामा रहेको हामी पाउँदैनौं। (मानौं कि चर्चका अगुवा तथा पास्टरहरूले उनीहरूलाई इसाई बनाएर फसायो। यत्ति मात्र होइन "म इसाई भएकोले चर्च तथा चर्चका अगुवाहरूलाई फायदा भएको छ" भन्ने मनस्थिति बोकेको हुनाले आफ्नो हरेक समस्यालाई सुल्झाउने काम चर्चबाट हुनुपर्छ भनेर अपेक्षा गर्ने विश्वासीहरूको कमी छैन। अनि चर्चले नहेर्दा आफू वेचनी र अंध्यारो मुख लगाएर हिँडेका इसाईहरूले परमेश्वरलाई विश्वास गर्न चाहनेलाई पनि निरुत्साह गरिरहेका हामी पाउँछौं)। यो सबै किन भयो भने ती विश्वासी भनाउँदाहरू स्वार्थी र सारा संसार आफ्नै वरिपरि घुम्नुपर्छ भन्ने मनस्थिति बोकेकाले भएका हुन्। हामीमा आउने समस्याहरू यथार्थ नै भएतापनि हाम्रो विपन्न मनस्थितिले गर्दा ती समस्याहरूलाई झन नराम्रो रूप दिंदछौं। यदि हामीले येशूकेन्द्रित जीवन बितायौं भने परमेश्वरमा आनन्द

हुनुपर्ने धेरै कारणहरू छन्। तर हाम्रो सर्वोच्च स्वार्थलाई उच्च स्थान दियो भने हामी कहिलै पनि हर्ष मुद्रामा रहँदैनौं।

"परमेश्वर पिताले तिमीहरूको हरेक रौं गन्नु हुन्छ" भन्ने उदगार येशूले पोख्नुभएको के तपाईंले सम्झनु हुन्छ? (मत्ती १०:३०)। यस शव्दहरूमा के प्रतिज्ञाहरू जोडिएका छन्, सोच्नुहोस्। हाम्रो सुरक्षा येशूमै छ भन्ने आत्मज्ञानले हामी विभुषित हुनुपर्दछ। यसले गर्दा कुनै पनि समस्या आइपर्दा हामीमा आत्मबलमात्र होइन अरूको दुःख र कष्टमा पनि साथ दिन हामी सक्षम् हुन्छौं। येशू केन्द्रित जीवनले गर्दा हामी परमेश्वरको इच्छा पालन गर्न उत्सुक हुन्छौं। अनि आफूमा हुने विस्मातलाई आनन्दमा परिवर्तन गर्दछौं। "अयुबले आफ्ना मित्रहरूको निम्ति प्रार्थना गरेपछि परमेश्वरले उनलाई फेरि सफलता दिनुभयो। परमेश्वरले उनलाई पहिलेको भन्दा दोब्बर आशिष दिनुभयो।" (अयुब ४२:१०)।

प्रिय पाठकबृन्ध, हुनसक्छ तपाईं अहिले कुनै समस्यासँग संघर्ष गरिरहनुभएको होला। यस्तो असहज परिस्थितिमा तपाईं मात्र एक्लो हुनुहुन्न भन्ने कुरा जान्न तपाईं जस्तै समस्या भोगिरहेका कुनै अरूकहाँ पुग्नुहोस्। उनीहरूलाई पनि तपाईंको सहायता, हौशला र ढाडसको आवश्यकता रहेछ भन्ने सोचाईमा तपाईं पर्नुहुन्छ। अरूको दुःखलाई ग्रहण गरेर उनीहरूको दुःख तपाईंको पनि हो भनेर साथ दिंदा तपाईंको आफ्नै दुःख पनि कसरी हलुका हुनसक्छ, के शोच्नुभएको छ वा अनुभव गर्नु भएको छ?

## ५, नित्यानन्द अर्गात् कहिलै पनि ननासिने आनन्द (हिब्रू ११:२४,२५)

येशूभक्तहरूको जीवनमा पाउनु पर्ने दुई महत्वपूर्ण दर्शनहरू पावलले हिब्रू ११:२४,२५ मा उल्लेख गरेका छन्, ती के हुन्? लुका ९:२३, प्रेरित १४:२२, फिलिप्पी १:२९ पनि पढ्नुहोस्। यी पदहरूसँग आनन्द हुनुपर्ने प्रतिज्ञा कसरी जोडिएको छ? यी पदहरू पनि पढ्नुहोस्: हिब्रू ११:१६, १ पत्रुस १:६-८।

तत्कालिन शक्तिशाली इजिप्ट अर्थात् मिश्र देशका गद्दीका हकदार भएका राजकुमार मोसाले त्यस राज्यको हकलाई लत्याउन ऊ राजी भयो।

उनले त्यहि मिश्र देशमा रहेर दरवारको सुख शयलको आनन्दमा परेर अर्को फारो राजा हुन सक्थ्ये। आफू पिल्सिएका जातीका मानिस भएको भएतापनि मिश्रको राजा हुने शौभाग्य परमेश्वरकै इच्छा बमोजिम हो भन्ने आफ्नो तर्कलाई उच्च स्थान दिन सक्दथ्ये। यो तर्कलाई मान्न त्यत्ति सान्हो थिएन। किनभने वर्तमान परिस्थितिमा पनि गलत निर्णय गर्न धेरै असल कारणहरू हामीहरूको माझमा खडा भइरहेका पाइरहेका छौं।

भलाईकै लागि गलत निर्णय तपाईंले कहिलै गर्नु भएको छ? यस बारे सोच्नुहोस्। यसबाट तपाईंले के कडा पाठ सिक्नुभयो?

प्रशन्न मुद्रामा रहने मूल मन्त्र नै परमेश्वरको इच्छालाई पालन गर्नु हो। यो मुद्रामा रहँदा वा परमेश्वरको इच्छाको परिधिभित्र रहँदा तत्कालिन नतिजाहरू गान्हो, विषम्, र दर्दनाक पनि हुनसक्दछन्। कतिपय मानिसहरूले येशूलाई विश्वास गरेपछि, उहाँको वचन पालन गरेपछि, वप्तिस्मा लिएपछि र चर्चको सदस्य भएपछि सारा समस्याहरू विलाएर जान्छन् भन्ने धारणाहरूसँग खेलबाड गर्न रुचाएको हामी पाउँछौं। तर बाइबलले यस्ता सापटी आश्वासनहरूलाई टेवा दिएको हामी पाउँदैनौं। यदि यस्ता मनस्थिति बोकेर चर्चको ढोकामा चहार्न थाल्यौं भने हामी महान् निराशा पर्न सक्दछौं। येशूका परमभक्त भयो भन्दैमा तपाईंलाई सबैले मान्नु पर्दछ, सबैले सम्मान गर्नु पर्दछ, तपाईंको प्रभाव ठूलो हुन्छ वा तपाईंको भाऊ ठूलो हुन्छ भन्ने छैन। हरेक वर्ष हजारौं येशूभक्तहरूलाई यातना दिएको र तिनीहरूको जीवन कष्टकर भएको हामी सुन्दछौं। कतिले त आफ्नो आस्थाको निम्ति जीवन बलिदान दिइरहेको पनि हामी सुनिरहेका छौं। (येशूभक्तको जीवनमा सुखको अनुभव गर्नु संयोग हो, तर दुःखको भुमरीमा पर्नु यथार्थता हो-अनुवादकको मन्तव्य)।

अन्तमा यस संसारले प्रदान गर्ने कुनै पनि वस्तुहरूमा भन्दा पनि अर्को कुनै महान् तत्वमा हाम्रो आशा, मुक्ति तथा अनन्त जीवन निहित हुनु पर्दछ अर्थात् त्यसमा भर पर्नुपर्दछ। येशूले हाम्रो निम्ति के गर्नुभयो र हामीलाई के वाचा गर्नुभएको छ भन्ने कुरालाई हरदम सोच्नु नितान्त आवश्यकता छ। यदि हामी येशूमा छैनौं भने यस संसारमा जीउनुको अर्थ केहि पनि देख्दैनौं (१ युहन्ना ५:१२)। संसारले हामीलाई प्रलोभनमा फसाएर

अन्धकारमा जाकिएको पनि हामीलाई थाहा छ। येशूभक्तको जीवन नमिठो भएपनि स्वादिलो हुनसक्दछ तर येशूविनाको जीवन जतिसुकै गुलियो भएतापनि तितो हुनसक्दछ।

**उपसंहारः**

थप जानकारीः "येशूभक्तको जीवन आनन्दमय र हर्षमय जीवन हो, तर दिग्दार, खिन्न, विरक्त र उदासिन जीवन होइन भनेर प्रत्याभूति दिने हरेक येशूको नजिकमा रहनेको धर्म हो। हाम्रो जीवनले अरूलाई के सन्देश दिइरहेका छौं त्यसले येशूसँग हाम्रो सम्वन्धलाई देखाउँछ। ख्रीष्ट येशूलाई पाप क्षमा दिने मुक्तिदाता हुनुहुन्छ भनेर ग्रहण गर्ने जो मानिस पनि येशूको उज्यालो पोशाक पहिरेको हुन्छ। उनीहरूको पाप येशूले पखाल्नुहुन्छ र उनीहरूलाई आफ्नै धार्मिक लुगा पहिऱ्याउनु हुन्छ। उनीहरूको सत्यनिष्ठ र धार्मिक जीवन उहाँकै हुन जान्छ। यसको फलस्वरूप जुनसुकै अनुकूल वा प्रतिकूल अवस्थामा पनि तिनीहरूको मन आनन्दले भरेको हुन्छ।

"येशूभक्तहरूले बाहेक कुन अरूले आनन्दका गीतहरू असली रूपमा गाउन अधिकार हुन्छ त? के तिनीहरू स्वर्गमा विराजमान हुनुहुने जगतका राजाका सन्तानहरू होइनन् र? के येशूको सुसमाचार नै परम आनन्दका सन्देश होइन र? जब परमेश्वरले गर्नुभएका प्रतिज्ञाहरूलाई विश्वासीले स्वतन्त्र र पूर्ण रुपमा ग्रहण गर्दछ, तब स्वर्गको दिव्य ज्योति उसको जीवनमा आएको हुन्छ।"-एलेन जी ह्वाइट, *ए कल टु मेडिकल इभान्जलिजम एण्ड हेल्थ एडुकेशन,* पृ, २६बाट रूपान्तरित।

**चिन्तनमननः**

१. बाइबलका केहि प्रमुख पात्रहरूको जीवन कहानी पढ्नु होस् र तिनीहरूको बारेमा सोच्नुहोस्। तिनीहरूले कत्तिको आनन्दको उपभोग गरे होलान्? नोआ, अब्राहम वा युशुफको जीवन के खुशी नै खुशीले भरिएका थिए त? दानियल, दाउद, यर्मिया, पावल, बप्तिस्मा दिने युहन्नाको बारेमा तपाईं के भन्नुहुन्छ? उनीहरूले पाएका खराब र असल अनुभवहरूबाट इसाई आनन्द भनेको के रहेछ भनेर कसरी सिक्न सक्दछौं?

२. संसारमा खुशी बनाउने धेरै साधन तथा उपायहरू छन्। केहि साधनहरूलाई तपाईंले बिचार गर्नुहोस्। तिनीहरूले कसरी मानिसलाई खुशी तुल्याउन खोज्दछन्? संसारले देखाएका वा संसारमा भएका वस्तुहरूले मानिसहरूलाई कसरी खुशी तुल्याउँछन भन्ने कुरामा तपाईंले के सिक्नुभएको छ? के तिनीहरू सबै खराब छन् त? के हाम्रो जीवनमा तिनीहरूको स्थान कस्तो छ वा हुनु नै पर्दछ र?

३. इसाई भएर परमेश्वरको असिमित प्रेम थाहा पाएतापनि यस संसारमा हामीले कत्तिको आनन्द वा खुशीको अपेक्षा गर्न सक्दछौं? हाम्रो वरिपरि विमारहरू छन्, दुःख कष्ट र मृत्युमा मानिसहरू जाकिरहेका छन्। धेरै मानिसहरूले मोक्षको अनुभूति पाएका छैनन् र पाउने मौका पनि हुँदैनन्। यस्तो परिवेशमा हामी कत्तिको खुशी हुने? अरू मानिसहरू दुःख कष्ट पाइरहेका छन् भनेर थाहा पाउँदा पाउँदै हामी प्रशन्न हुनु, के स्वार्थपना हो र?

४. हामी जत्ति स्वार्थी वा सारा संसार मेरै वरिपरि घुम्नु पर्छ भन्ने भावनाले सर्वोच्च स्थान दिंदा किन हामी झन खराब तथा नराम्रो अनुभव गर्दछौं? अरूलाई थिचोमिचो गरेर के हामीले आत्मसंतुष्टि पाइरहेका छौं र?

५, हाम्रो पूर्ण इसाई जीवनको अनुभवको निम्ति नयाँ पृथ्विमा हुने अनन्त जीवनको प्रतिज्ञा र आशा किन महत्वपूर्ण हुन्छ? यो आशा विना हाम्रो जीवनको उद्देश्य के हो त? परमेश्वरले दिनुहुने अजम्मरी जीवनको आशा लिएर बाँच्नु किन महत्वपूर्ण छ? यसले हाम्रो जीवनलाई कसरी अर्थपूर्ण बनाउँछन्? यस संसारमा हामी सुख शयलमा बाँचिरहेका हौंला तर यो जीवन अनित्य तथा अस्थाई हो भनेर थाहा पाउँदा हाम्रो भित्री मन कस्तो भइरहन सक्छ, के त्यसमा तपाईंले ध्यान दिनुभएको छ? जीवनको अन्तमा आएर हामी संतोषको सास फेर्न के सक्छौं होला?

# ४ पवित्र आत्माको फल शान्ति हो

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* मत्ती ८:२३-२७, मत्ती ११:२८,२९, रोमी ५:१-२१, हिब्रू १२:१४, कलस्सी ३:१४-१५।

*<u>स्मरण गर्नुपर्ने पद</u>:* "मेरो शान्ति तिमीहरूको साथमा म छोड्नेछु। मेरो शान्ति तिमीहरूलाई दिनेछु। संसारले दिने खालका शान्ति म तिमीहरूलाई दिन्न। तिमीहरूका हृदयहरू व्याकुल नहोस्, र तिमीहरूको मनमा डर नहोस्। "(युहन्ना १४:२७)।

शान्तिका अग्रदूत पावलले चर्चलाई यस्तो सन्देश दिएकाछन्: "हरेक कुरामा तिमीहरूलाई पवित्र आत्माले एक बनाउँछन्। त्यसकारण तिमीहरू एक भएर बस्न भरमग्दुर प्रयत्न गर। तिमीहरूको एकताको सूत्रलाई शान्तीले बाँधेर राखुन्। " (एफिसी ४:३)। अंग्रेजी भाषामा उल्लेखित *endeavoring* अर्थात् प्रयत्न गर्नु भन्ने शव्द युनानी अर्थात् ग्रीक भाषाबाट आएको हो। युनानी भाषामा यो एकदम कडा शव्द हो। यसको अर्थ उद्यमी गर्नु, प्रयत्न गर्नु, प्रयास गर्नु वा अत्यन्त कोशिश गर्नु हुन्। सबभन्दा राम्रो गर्न हामी पूर्ण रूपमा संलघ्न हुनुपर्दछ। मानौं हामी मुक्का मुक्की गर्छौं र घरमा झैंझगडा गर्दछौं रे।मानौं चर्चमा झगडा तथा मनमुटावको कारण टुक्रा टुक्राको समूहमा विभाजित हुन्छौं रे। मानौं हामी एक आपसलाई माया प्रेम र आदर गर्दैनौं रे। यदि यो मनस्थितिमा हामी गुज्री रहेका छौं भने, येशूमा हुनुपर्ने परमेश्वरको प्रेमलाई हामीले त्यागीरहेका हुन्छौं। क्रुसमा येशूले स्थापना गर्नुभएको शान्तीले हामीलाई विभाजनको मनस्थितिमा कहिलै पनि धकेल्दैन। चर्चमा, एक आपसमा वा आफ्नै भित्र पनि हुने विभाजित मनस्थिति येशूबाट होइन।

तर शान्तिको निम्ति लड्नु पर्ने यो कस्तो अनौठो कुरो हो। अमेरिकाको पूर्व राष्ट्रपती फ्रान्कलीन रुजबेल्टकी श्रीमती इलिनोर

रुजबेल्टले भ्वाइस अभ अमेरिका रेडियोमा उनले यो सन्देश प्रसारण गरेकी थिइ, “शान्तीको बारेमा चर्चापरिचर्चा दिएमात्र पुग्दैन। मानिसले यसलाई विश्वास गर्नै पर्दछ। फेरि विश्वास गर्छु भनेर मात्र पुग्दैन।यसको निम्ति हामीले परिश्रम पनि गर्नु पर्दछ।“ जुन शान्ति येशूले हामीलाई दिनुभएको छ, त्यसको लागि पनि हामीले कडा परिश्रम गर्नुपर्दछ र निरन्तर रूपमा आत्मआलोचना गर्दै अघि बढ्नु पर्दछ।

जब हामी यस अध्यायको अध्ययन गर्छौं, तब हामीले यो प्रश्न हामी आफैलाई सोध्नु पर्दछः क्रुसमा येशूले जित्नुभएको शान्तिले हामीलाई कसरी कब्जा गर्न दिने? मेरो दैनिक जीवनमा शान्तिलाई यथार्थतामा उतार्न मैले पवित्र आत्मासँग कसरी मिलेर जाने?

## १, परमेश्वरसँग शान्ति (रोमी ५:१)

शान्तिसँग परमेश्वरमा रहनु भनेको केवल उहाँको वरिपरि रहँदा आनन्दको महसूस गर्नु मात्र होइन। पावलले कलस्सी १:२१मा हामीलाई भन्नुभएको छः “एक जमानामा तिमीहरू परमेश्वरबाट अगल भएर बसेका थियौ। तिमीहरूको दुष्ट कामहरूले गर्दा तिमीहरू परमेश्वरका शत्रुहरू भएर बसेका थियौ।“ तर अब हामी येशूले गर्दा परमेश्वरसँग फेरि मिल्न गएका छौं। उहाँको सतसङ्गमा हामीलाई फर्काइएको छ। एक पटक हामी परमेश्वरसँग लडिरहेका थियौं। तर क्रुसमा येशूको मृत्युले परमेश्वरसँग हाम्रो झगडा‘ कचकच वा लड्नेकाम रोकिएको छ र हामीहरू शत्रुहरू नभएर परमेश्वरका परम मित्र हुन हामीलाई सम्भव भएको छ।

यथार्थमा भन्ने हो भने यो खालका शान्तिमा अलिअलि गरेर बढ्नु होइन। तर येशूको क्रुसले गर्दा सदाको निम्ति परमेश्वरमा हामीलाई फर्काइएको छ। अनि परमेश्वरसँग शान्तिको अनुभूती प्राप्त गर्दै अघि बढ्दछौं। यो कदमले परमेश्वरको मार्गलाई स्पस्टसँग हेर्दै जान हामी सक्षम् हुन्छौं, अनि त्यसमा हिंड्न थाल्छौं। जति उहाँको परिधिमा रहन्छौं त्यत्ति उहाँले हामीलाई उहाँका छोराछोरीहरूभएर जीउने शक्ति

दिनुहुन्छ। यसको फलस्वरुप हामीमा हुने शान्ति पवित्र आत्माका फल हुन जान्छ। जब हामी परमेश्वरका सन्तान भएर हुर्कँदै जान्छौं, तब हामी उहाँको राज्यमा रहिरहेका छौं भन्ने आत्मज्ञानमा परिपक्व हुँदै जानेछौं। परमेश्वरमा हामी निरन्तर रूपमा बढ्दै जान्छौं, "तपाईंका व्यवस्थालाई प्रेम गर्नेहरूले महान् शान्तिमा रमाउनेछन्। केहिले पनि तिनीहरूलाई ढाल्ने छैन अर्थात् चिप्लन दिने छैन। तिनीहरूको पतन पनि हुँदैनन्।" (भजन ११९:१६५)।

पापले गर्दा परमेश्वर दयालु र क्षमाशील हुनुभएको होइन भनेर कलस्सी १:२०-२२मा पावलले व्यक्त गर्दछन्। तर परमेश्वर सदासर्वदा दया र क्षमाका गुणहरूले सुम्पन्न हुनुभएको हो भनेर उपरोक्त पदले देखाउँदछन्। परमेश्वरले हामीलाई निरन्तर प्रेम गर्नुहुन्छ र सुरुदेखि नै हामीलाई क्षमा दिन चाहनुहुन्छ भनेर प्रभु येशूमा सम्पन्न गरिएको मुक्तिको परियोजनाले देखाउँछ।

रोमी ५:१-११ पढ्नुहोस्। त्यसमा तपाईंले के महत्वपूर्ण बुँदाहरू देख्नु भएको छ, त्यसलाई संक्षेप्तमा लेख्नुहोस्।

प्रभु येशूले तपाईंको निम्ति के गर्नुभयो सो सोच्नुहोस्। उहाँमा आस्था र विश्वास गर्दा उहाँको पवित्र वा सिद्ध जीवन तपाईंले पाउनुहुन्छ भन्ने धारणामा बिचार गर्नुहोस्। विगत जीवनमा जस्तोसुकै आचरणमा तपाईं रहनुभएतापनि येशूको बरदानले तपाईं चोखो हुन पुग्नु हुन्छ र परमेश्वरसँग निर्धक्कपूर्वक उभिन सक्नु हुन्छ। तपाईंलाई उहाँले सहस्रपूर्वक स्विकार गर्नुहुन्छ। यदि हामी सत्य शान्तिको आत्मज्ञानमा निपुण हुन चाहन्छौं भने उपर्युक्त दर्शन हाम्रो निम्ति किन महत्वपूर्ण मान्नुपर्दछ?

## २, शान्तिलाई पाउनुः भाग १ (मत्ती ११:२८,२९)

नम्वर १ देखि १०सम्ममा तपाईंले आफूमा रहेको शान्तिलाई कुन स्थानमा राख्नु हुन्छ? अर्थात् नम्बर १मा शान्तिलाई एकदम तल र १० मा एकदम माथिको स्तरको अनुभवमा आफू कहाँ छ भनेर

हेर्नुहोस्। व्यक्तिगत शान्ति नपाउँदा मानिसहरू खिन्न भएका छन्। शान्ति त खोज्छन्, तर उचित शान्ति पाउनुको सट्टा मानिसहरू अशान्तिमा भौंतारिएक छन्। येशूले सबैलाई आफूकहाँ आउन आमन्त्रण गर्नु भएको मत्ती ११:२८,२९मा पाउँछौं। याद गर्नुहोस्, उहाँले शान्ति दिन्छु भनेर त्यस शव्दलाई प्रयोग गर्नुभएको छैन। तर आराम दिन्छु, थकाई हटाइ दिन्छु, जाँगर दिन्छु, ताजा बनाइ दिन्छु भन्ने शव्दहरूको निचोड शव्द विश्रामलाई प्रयोग गर्नुभएको छ।

मत्ती ११:२८,२९मा येशूले हामीलाई के भनिरहनुभएको छ? उहाँको यो उदेकिलो कबूलको यथार्थतालाई हाम्रो जीवनमा कसरी अनुभव गर्ने?

ती पदहरूमा येशूले के भन्न खोज्नुभएको छ? के उहाँले शान्तिलाई बरदानको रूपमा दिन्छु भनेर कबूल गर्नुभएको छ? वा त्यस शान्तिलाई कसरी प्राप्त गर्ने भनेर उहाँले उल्लेख गर्नुभएको छ? व्यक्तिगत शान्ति भनेको कुन कारणबाट आउँछ भनेर येशूले भन्न खोजिरहनुभएको त होइन? अनि त्यो कारण येशूमै निहित छ, त्यसकारण उहाँकहाँ आउनु भनेर के हामीलाई सिकाउन खोजिरहनुभएको छ होइन?

"जब मानिस संसारको केन्द्रविन्दु आफै हुनुपर्दछ भनेर स्वार्थलाई प्रेम गर्दछ तब उसले अशान्ति वा वेचैनलाई निम्त्याएको हुन्छ। तर ती मानिसहरू जसले येशूको वचनलाई ग्रहण गर्दछन्, आफूलाई उहाँमा समर्पण गर्दछन्, र उहाँको शिक्षादर्शनमा आफूलाई परिचालन गर्दछन्, तब तिनीहरूले शान्ति र चैनलाई प्राप्त गर्दछन्। यस्तो परिबन्धमा बस्न सक्यो भने कुनै पनि मानिस संसारको कुनै अनुकूल वा प्रतिकूल अवस्थामा रहनुपर्दा उनीहरू दिग्दार वा निराश हुँदैन किनभने उसको शान्ति तथा हर्षको श्रोत संसार होइन तर येशू हुनुहुन्छ। येशूमा पूर्ण रूपमा आफूलाई समर्पण गर्नुभयो भने तपाईंले पूर्ण शान्ति तथा विश्राम पाउनुहुन्छ। "जो मानिस तपाईंको भरमा हिंड्न चाहन्छ र तपाईंकै आस्थामा रहन्छ भने, प्रभु, तपाईंले उसलाई सिद्ध शान्ति दिनुहुनेछ। किनभने ऊ तपाईं माथि पूर्ण रूपमा भर परेको छ।" (यशैया

२६:३)।" एलेन जी ह्वाइट, द डिजायर अभ एजेज्, पृ, ३३०, ३३१बाट रूपान्तरित। आफ्नै ढिपीमा वा आफ्नै व्यक्तिपूजालाई सर्वोच्चता कायम गर्ने मानिसमा किन वेचैन र दु:ख थुप्रेको पाउँछौं?

आफ्नो जीवनलाई येशूमा विलिन गराएर उहाँमा विश्राम लिन कसरी सिक्ने? तपाईंले दैनिक जीवनमा के रोजीरहनुभएको छ जसले येशूको प्रतिज्ञालाई यथार्थमा ल्याउन सक्नुहुन्छ? येशूले प्रदान गर्ने शान्ति पाउन हामीहरूले के गरिरहेका छौ वा नपाउन के गरिरहेका छौं?

## ३, शान्ति पाउनुः भाग २ (युहन्ना १४:२७)

दुई जना चित्रकलाहरूको बारेमा एउटा कथा छ। दुबै जनाले आआफ्नै तर्कलाई आधारित बनाएर बिश्राम लिनु भनेको के रहेछ भनेर चित्र बनाए। पहिलोले कतै सुन्दर पहाडको फेदीमा रमणिय तलाऊको चित्र बनायो। त्यो स्थानमा कुनै पनि हल्लाखल्लाको वातावरण थिएन बरू आनन्द र शान्तिपूर्ण मनमुग्ध प्राकृतिक दृष्य थियो। तर अर्कोले एकदम ठूलो गर्जनको झरणाको फिंजमा एक कमजोर भोजबृक्ष निहुरिएका चित्र कोर्‍यो। त्यस रुखको  एउटा हाँगा थियो जहाँ पानी छर्केर भिज्न भिज्न लागेको थियो। त्यस हाँगाको टुप्पोको कापमा रबिन चराको गुँड थियो।

अनुमान गर्नुहोस् त, कुन चाहिं चित्रले बिश्रामलाई असली रूपमा चित्रण गरिएको छ? यस भयाभव तथा अन्यौलको संसारमा भौंतारिएका हामीहरूले तलाऊ भएको रमणिय स्थानमा आराम पाउनु त्यत्ती सहज छैन। कत्तिलाई त त्यस्तो सुन्दर स्थान आफ्नो संसारभन्दा बाहिरको कुरा हुनसक्दछ। मनमोहक ताल भएको सुन्दर स्थानमा गएर कत्ति जनाले आराम लिन सक्दछ र? तर प्रायजसो हामीले पाउनु पर्ने आराम त झन्झत संसारको यथार्थ जीवनको बिचमा पाउनुको विकल्प छैन।

येशू र उहाँका चेलाहरू गालिलको समुद्रमा डुँगा चढेर जाँदा के भयो, त्यो मत्ती ८:२३-२७ र साथै मर्कूस ४:३५-४१ र लुका ८:२२-२५मा पढ्नुहोस्। छालले डुँगालाई तहस नहस गरिरहेको थियो। यस्तो

असाधारण अवस्थामा पनि येशू आरामसँग सुतिरहनुभएको थियो। यस घट्नाको बृतान्तबाट हामी के सिक्न सक्दछौं? यसमा हाम्रो निम्ति केहि सन्देश छ त? जुनसुकै प्रतिकूल परिस्थितिमा हामी गुजार्नु परेतापनि हाम्रो मनलाई कस्को ठेगानामा लगाउनु पर्ने रहेछ भनेर यसले सिकाउँछ? के हाम्रो जीवनमा यसलाई यथार्थमा उतार्न सक्दछौं र?

चेलाहरू अर्थात् आफ्ना भक्तहरूमा शान्तिको कामना येशूले किन गर्नुभयो? जुनसुकै परिस्थितिमा पनि तिनीहरूमा शान्ति होस् भन्ने उहाँको चासो थियो। येशूले अति सुन्दर प्रतिज्ञा हामीलाई छोड्नुभएको छः "तिमीहरूलाई मेरो शान्ति छोडेर जानेछु। मेरो शान्ति तिमीहरूलाई दिन्छु। तर मैले दिने शान्ति संसारले दिने खालका शान्ति होइन।" (यूहन्ना १४:२७)। संसारको शान्ति येशूको भन्दा फरक छ रे। उहाँले हामीलाई के भन्न खोजीरहनुभएको हो? संसारको शान्ति तथा अमन चैनको लागि तँछाड मछाड गर्नेहरूको बिचमा येशूको शान्ति कसरी भिन्न हुनसक्छ र?

यस्तो धारणा हामीले कदापी राख्नु हुन्न। यस संसारमा समस्या बिनाको शान्ति हामीले कहिलै पनि सोच्नु हुँदैन। दुःख, समस्या, संकष्ट, पिडा बिनाको येशूका भक्त हुनु भनेको बिरलै कुरो हो। कसैको दुःख धेरै होला त कसैको थोरै होला। जतिसुकै दुःख कष्ट वा पिडामा पनि प्रेमिलो परमेश्वरको हेरचाहामा भर पर्न सक्छौं भन्ने मनस्थितिलाई कुम्ल्याएर बस्नु सच्चा येशूभक्तको गुण हो। "अँ, मृत्युको छाँयामा हिड्नु परेतापनि उहाँले मलाई विर्सनुहुन्न" भन्ने प्रतिवद्धतालाई आत्मसात् गर्नु हरेक सक्षम् इसाईको रहस्यपूर्ण लक्षण हो।

के ले तपाईंलाई दिक्क अर्थात् रिस गराउँछ? तपाईंमा भएको भयलाई परमेश्वरसँग कुराकानी गरेर उहाँमा बिसाउनुहोस्।

## ४, घरमा शान्ति (हिब्रू १२:१४)

“सकेसम्म सबैसँग शान्तिपूर्वक मिलेर बस्न कोशिष गर्नु। पवित्र हुन प्रयास गर्नु। पवित्रता बिना कसैले पनि परमेश्वरलाई देख्न सक्दैनन्।“ (हिब्रू १२:१४)। “सम्भव भएसम्म हरेकसँग शान्तिपूर्वक जीउनु। तिम्रो शक्तिले भ्यायसम्म जे गर्नसक्छौ, त्यो गर।“ (रोमी १२:१८)। पावलले व्यक्त गरेका उपर्युक्त निर्देशनहरूलाई हाम्रो जीवनमा यथार्थरूपमा उतार्न, येशूको जीवन र उहाँको अनुकरणीय उदाहरणबाट हामीले के सिक्न सक्दछौं? आत्मआलोचना गरेर हेर्नुहोस्, पावलका ती कथनहरूलाई हाम्रो जीवनमा नभिजाउन हामीले के गरिरहेकाछौं?

इसाई हुन सबभन्दा मुश्किल ठाँउ त घर नै हो भन्नुमा कसैलाई पनि असजिलो मान्नु पर्ने देखिँदैन। यो कस्तो दुःखलाग्दो कुरा हो, संसारको सबै स्थानहरूमा घरमा जस्तो शान्ति अन्त नहुनुपर्ने कुरा हो, तर अधिकाँस मानिसहरूको निम्ति घर नै अशान्तिको बिऊ उमार्ने थलो भएको हामी पाउँछौं।

प्रख्यात भियतनामको युद्धमा दुई युवकहरू रणभुमीमा लडिरहेका थिए। उनीहरूको वरिपरि गोलाहरूका वर्षा भइरहेका थिए र बमहरू पड्केर नारकिय आतङ्कको सृजना भइरहेको थियो। ती सबै दृष्यहरूले ती मध्ये एक जना सिपाँहीको अनुहारमा त्रास छाएको देखाइएको थिएन। जब उसको साथिले उसलाई सोध्यो, “होइन, ए साथी, यस्तो भयावभ अवस्थामा तिमीलाई डर भइरहेको देखिन्दैन नी, किन हो?”। उसले नहिच्किच्याइ जवाफ दियो, “किनकी‘ यो सबै दृष्यले मलाई घरको याद दिलाउँछ।

पावलले रोमी १२:९-२१मा केहि यस्ता सुत्रहरू वा मन्त्रहरू छन् जसले घरमा कसरी शान्ति ल्याउने भनेर बताइएका छन्। ती के के हुन्, त्यसको शूची बनाउनुहोस्। तपाईंको आफ्नै जीवनमा त्यसलाई कसरी लागु गर्न सकिन्छ भनेर उदाहरणहरू दिनुहोस्।

येशूभक्त भनेर दाबी गर्ने हामी हरेकलाई उच्च आदर्शको जीवन बिताउन आह्वान गरिएको हुन्छ। ती आदर्श वा उच्च स्तरलाई येशू

आफैले सुम्पनु भएको थियो। हामी सबै जना कुनै न कुनै रूपमा ती स्तरबाट गिरेका छौं। तर यसको मतलव यो होइन की येशूले देखाउनु भएका ती आदर्शहरूलाई हाम्रो जीवनमा देखाउन सक्दैनौं। ती आदर्शहरू प्रेम र त्यागका महान् सिद्धान्तहरू हुन्। यदि ती उच्च आदर्शहरूमा हामी हिंड्न चाहन्छौं भने हामीबाट दुष्टता र पाप हट्नै पर्दछ।

ती आदर्शहरूको साँच्चिकै अनुशरण गर्दा हाम्रो घर कस्तो हुने थियो होला भनेर अनुमान गर्नुहोस्। आफ्नो हितभन्दा अरूको सर्वोपरि हित पहिला ठान्दा हाम्रो घर कस्तो हुने थियो होला, त्यसको अनुमान गर्नुहोस्। मानिसहरू प्रेमको सतपात्र नभएतापनि तिनीहरूलाई हाम्रो पूरा प्रेम, माया, सदाशय देखाउँदा के हुने थियो होला, सोच्नुहोस्। हामीलाई चित्त दुखाउने, हामीलाई काँडा तेर्स्याउने र हाम्रो अहित चिताउनेलाई क्षमा दिन सक्यौं भने के हुने होला, अनुमान गर्नुहोस्। अरू पनि हामी जस्तै हौं भनेर तिनीहरूप्रति संवेदनशील हुन सक्षम् भयौं भने हाम्रो जीवनमा कस्तो मनोक्रान्ती आउने थियो अनुमान गर्नुहोस्। पावलका ती सुत्रहरूलाई पालन गर्दा हाम्रा घरका सबै समस्याहरू सुल्झिन्छ भन्ने त होइन, तर त्यसले हामीलाई धेरै सहायता दिन्छ भन्ने कुरामा शंका गर्ने ठाँउ छैन।

## ५. चर्चमा शान्ति (मत्ती ५:२३,२४)

मत्ती ५:२३,२४मा येशूले अत्यन्त महत्वपूर्ण सिद्धान्त अर्थात् सुत्र हामीलाई सिकाइरहनुभएको छ, त्यो के हो? हाम्रो जीवनमा यी सुत्रलाई लागु गर्न किन कठिन हुन्छ?

हामीहरूको एक आपसमा हुनुपर्ने सम्वन्धलाई येशूले अत्यन्त गम्भिर रूपमा लिनुहुन्छ भन्ने कुरा उपरोक्त पदले स्पष्ट पार्दछ। हामी एक आपसमा कसरी व्यवहार गर्छौं त्यो हामीलाई भन्दा उहाँलाई बढि सरोकार छ। चर्चका सदस्यहरू एक आपस विरुद्ध मनमुटाव, तितो सम्वन्ध र कचकच हुने कुरा कुनै असाधारण मानिन्दैन। तर येशूको

त्यस शिक्षालाई हामी सबैले पछ्याउन सक्यौं भने के हुन्थ्यो होला, यो एकदम सोचनिय कुरा हो। मत्ती ५:९मा भनिएको छ, "धन्य मेलमिलाप गराउनेहरू किनभने तिनीहरू परमेश्वरका छोराहरू कहलाइनेछन्।" येशूभक्तमा हुनुपर्ने यो स्वभावको अर्थ के हो?

चर्चका सदस्यहरूसँग मित्रवत व्यवहार गर्न पावलले तिनवटा मार्गहरू हाम्रो निम्ति कलस्सी ३:१३-१५मा उल्लेख गरेका छन्। ती के हुन्? के ती अहिलेको निम्ति पनि सान्दर्भिक छन् त?

याकूब ३:१७मा इसाई अनुग्रह तथा दयाको प्रवाहलाई हेर्नुहोस्: "जुन ज्ञानबुद्धि स्वर्गबाट आउँछ त्यो शुद्ध हुन्छ। त्यो नै यसको महत्वपूर्ण पक्ष हो। फेरि त्यत्ति मात्र होइन। त्यस ज्ञानमा शान्ति पनि हुन्छ। यसले अरूको हितलाई सोच्दछ। यो आज्ञाकारी हुन्छ अर्थात् यो ज्ञानले सम्पन्न भएको व्यक्ति विधिको शासनमा हिँड्छ। यो दया र असल फलले भरिएको हुन्छ। यो निष्पक्ष र न्यायसङ्गत हुन्छ। परमेश्वरको यो आत्मज्ञान हुने मानिसले मुकुण्डो लगाउँदैन अर्थात् आफू के होइन स्वाङ्ग पारेर देखाउँदैन।" एक आपसमा यस्तो मधुरो र मिठो सम्वन्ध राखोस भनेर पवित्र आत्माकोले हामीहरूलाई सहयोग गर्न अत्यन्त उत्सुक हुनुहुन्छ। ती गुणहरूले हामी सम्पन्न भयौं भने हाम्रो चर्च कस्तो हुने थियो होला? यदि पवित्र आत्माको सहयोगले ती गुणहरूलाई हाम्रो जीवनमा वढ्न दियौं भने हामीलाई अरू के को खाँचो होला र?

विगतको समयमा तपाईंको विश्वासी भाई वा दाजुसँग खटपट भएको सम्झनुहोस्। के तपाईंले मत्ती ५मा उल्लेख गरेको अनुसार येशूको वचनलाई आत्मसात् गर्नुभएको छ? स्पष्ट रूपमा भन्ने हो भने रिसको झोंकमा शायद त्यसलाई पन्छाउनुभयो होला, होइन त? यस्तो परिस्थितिमा इसाई मार्ग भन्दा संसारको सजिलो बाटो किन पछ्याउनुभयो, गौण गरेर अध्ययन गर्नुहोस्। यस्तो अवस्थामा संसारै खसे पनि न्यायोचित वा ठिक निर्णय तपाईंले लिन कसरी सिक्नुहुन्छ?

**उपसंहारः**

थप जानकारीको लागि पढ्नुहोस्: भजन ४:३, भजन ११९:१६३, यशैया २६:३, रोमी ८:६, फिलिप्पिहरूलाई ४:७।

"येशूलाई क्रुसमा टाँगिनु केहि समय पहिले, आफ्ना चेलाहरूलाई उहाँले शान्तिको बरदान दिनु भएको थियो। 'तिमीहरूको बिचमा म शान्ति छोडिनेछु।,,,,,संसारले दिने शान्ति त म तिमीहरूलाई दिने होइन। तिमीहरूका हृदयहरू ब्याकूल नहोस्। तिमीहरू भयभित नहोस्।' युहन्ना १४:२७। (पाठकबृन्धहरू), यो शान्ति, संसारको बाटोमा हिँड्नेहरूले पाउने शान्ति होइन। दुष्ट काम गरेर पाउने शान्ति, येशूले कहिलै पनि दिनु भएन। येशूले चेलाहरूलाई छोड्नुभएको शान्ति उनीहरूको भित्री हृदयमा हुने आत्माजनक शान्ति हो जुन संसारका बाहिरि वातावरणले प्रवाह गर्ने होइन। येशूको यो शान्ति उहाँका भक्तहरूमा जुनसुकै संकष्ट र संघर्षमाको बाबजूद पनि रहिरहनेछ। किनभने येशूभक्तको चिनारी वा उहाँको साछि बक्न उनीहरूको हृदयमा कस्तो शान्ति रहेछ भनेर देखाएर नै प्रमाणित गर्दछन्।" एलेन जी. ह्वाइट, द आक्टस् अभ आपोस्टल्स, पृ. ८४।

"संसारमा आफ्नो सर्वोच्चता कायम गर्न अठक प्रयास गर्ने व्यक्तिले परमेश्वरको राज्यमा पस्न चाहनेलाई पनि त्यसको ढोका बन्द गरिदिन्छ। अरू कार्यकर्ताको आलोचनामात्र गर्ने र उसको दोषलाईमात्र केलाएर बस्ने मानिसको हृदयमा येशूको शान्ति दिमाग र मनमा रहनसक्दैन। आफ्ना विश्वासी दाजुभाईहरूलाई ढाल्न आलोचना गर्ने र उनीहरूको खोटलाई केलाएर उनीहरूलाई दोष दिने व्यक्तिलाई येशूले कहिलै पनि आशिष दिनुहुन्न। यो सैतानको काम हो।" हस्तलेख २१, १८९४।" एलेन जी. ह्वाइट, ईभान्जलिजम्, पृ. १०२बाट रूपान्तरित।

**चिन्तनमननः**

१. तँपाईको स्थानिय चर्चका सदस्यहरूमा भएका एक आपसका मनमुटावलाई शान्तिसँग मिलाइ राख्न तपाईंले कुन कुन तरिकाहरू अपनाउन सक्नुहुन्छ?

२. दैनिक जीवनमा हाम्रो शान्तिलाई भङ्ग गर्न साधारणतया के के परिस्थिति आइपर्छन्? ती प्रत्येक अवस्थाको सामना गर्न हामीले बाइबलका कुन् कुन् प्रतिज्ञाहरूलाई आत्मसात् गर्न सक्दछौं? कतिपय मानिसहरूले येशूलाई विश्वास गऱ्यो भने सबै समस्याहरूको समाधान हुन्छ भन्ने मनस्थिति बोकेका हुन्छन्। तर साँच्चै भन्ने हो भने यदि समस्याको समाधान हुन्छ भने त्यो संयोग मान्नु पर्दछ तर समस्याहरूको ओइरो लाग्नु त यथार्थता हो। “संसारमा तिमीहरूलाई कष्ट, सतावत आदि हुन्छ” भनेर येशूले नै भन्नु भएको छ। येशूभक्तको बिरता भनेको नै ती समस्याबाट भाग्ने नभएर त्यसलाई परमेश्वरको सहायताले डटेर सामना गर्न सक्षम हुनु हो।

३, हो, जुनसुकै परिस्थितिमा पनि परमेश्वरमाथि भरोसा राख्नुपर्दछ भनेर भन्नु सजिलो छ। तर हामीले के यस्ता उपलव्धीमूलक कदमहरू चाल्न सक्दछौं जसले गर्दा शान्तिको वातावरणमा कठिनाई उत्पन्न नहोस्? याद गर्नुहोस्, कतिपय त हाम्रै रोजाइको कारणले हाम्रो जीवनमा हामी खलबल ल्याउँछौं। अमूल्य जीवनलाई निरर्थक मानेर यसलाई अनाहकमा असजिलो भावना र डरलाई निम्त्याउँछौं, र यसलाई दुरुपयोग गरेर शान्तिको खोजी गर्दछौं। परमेश्वरको मार्गमा हिंडेर आत्मसम्मानसाथ हामी बाँचौं भन्ने उहाँको इच्छा हो। सुबाटोमा हिंढ्न हामीले आत्मनिर्णयको अधिकारलाई कुण्ठित गऱ्यौं भने यसको परिणाम हामीले नै भोग्नु पर्दछ।

४. कतिपय मानिसहरूको जीवनमा शान्ति पाउन अति गाऱ्हो हुन सक्दछ। त्यस्ता मानिसहरूको निम्ति हामीले के लाभप्रद

कदमहरू चाल्नुसक्दछौं जसले गर्दा उनीहरूले पनि येशूको शान्तिको अनुभूति प्राप्त गर्न सकून?

५. दुःख, कष्ट, झैँझगडा, अन्यौलता नै अन्यौलताले भरेको, हिँसा नै हिँसाले अड्डा जमाएको, विधिको शासनमा हिँड्न नचाहेर अन्याय र अत्याचारको प्रमुखता भएको यस संसारमा हामीले शान्तिको लागि कती अपेक्षा गर्न सक्दछौं?

✞📖✞

# ५ पवित्र आत्माको फल धैर्यता हो

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* उत्पत्ति ६:३, प्रस्थान ३४:६, मर्कूस ४:२६-२९, रोमी १५:५, एफिसीहरूलाई ४:१,२, याकूब १:२-४

*<u>स्मरण गर्नुपर्ने पद:</u>* "परमेश्वरको सदिच्छा पालन गर्न र उहाँले गर्नुभएको प्रतिज्ञाहरूको उपभोग गर्न, तिमीहरू धैर्यवान् तथा सहनशील हुनुपर्दछ।" (हिब्रू १०:३६)।

युनानी अर्थात् ग्रीक भाषामा पवित्र आत्माको अर्को फल "धैर्य"को अर्थ जनाउन दुईवटा शव्दहरू प्रयोग गरिएको छ। प्रथम् युनानी शव्द हुपोमोन (*hupomon)* जसको अर्थ बदल्न नसक्ने अवस्थामा पनि चलिरहने खूबी हो। दोश्रो शव्द माक्रोथोमिया *(makrothumia)* अर्थात् महान अथवा सहनशील स्वभाव हो। यो छिट्टै झरङ्ग रिसाउने, झोक्की, अधैर्य तथा बेचैन र सजिलैसँग निराश, खिन्न तथा हतोत्साह हुने स्वभावको विपरित हो। साधारणतया भन्ने हो भने जीवनको सेरोफेरोमा कुनै पनि समस्या आइपर्दा त्यसबाट नभागी डतेर सामना गर्न सक्ने गुण हो। अरू मानिससँग धैर्य हुनु यो शव्दको स्पष्ट अर्थ हो।

धैर्यताले सम्पन्न भएको व्यक्ति भलाद्मी, कोमल तथा नरम मिजासको र सबै परिस्थितिमा स्थिर रहन्छ। धैर्यको खास परिक्षा भनेको पर्खनु होइन तर त्यस पर्खाइमा उसले के गर्छ हो। "धैर्यलाई आफ्नो सिद्ध काम सम्पन्न गर्न देऊ। "तर तिमीहरू सबै कुरामा परिपक्व र पूर्ण हुनका निम्ति धैर्यलाई आफ्नो काम पूरा गर्न देओ। यो नितिमा हिंड्यौं भने तिमीहरूलाई कुनै कुराको अभाव हुँदैन।" याकूब १:४।

यो स्थितिमा मानिसको जीवनलाई पुऱ्याउन अथक प्रयासको आवश्यकता पर्छ (मानौं यो सक्रिय तपस्या हो)। यसको निम्ति परमेश्वरको अनुग्रहरूपि उर्जा चाहिन्छ। पवित्र आत्माको अगुवाईमा हिंड्न आफ्नो चाहना अर्थात् स्वार्थलाई पन्छाउँदै समर्पित जीवन बिताउन पनि राजी हुनुपर्दछ। शुभ समाचार त यो हो, यदि हामी धैर्यताको पाठमा निपूण भयौं भने परमेश्वरका धेरै आशिषहरू प्राप्त गर्न सक्षम् पनि हुनेछौं।

## १, परमेश्वरका धेरै असल गुणहरूमा धैर्यता पनि एक हो (प्रस्थान ३४:६)

परमेश्वरको धैर्यता कस्तो थियो भन्ने कुरा दर्शाउन बाइबलमा धेरै कथाहरू छन्। ती कथाहरूमा योना भन्ने पुस्तकमा उल्लेखित निनभे शहरको बारेमा छ। निनभे देशका मानिसहरूको दुष्टताले गर्दा उनीहरूले सजायँ पाउनेछन् भनी प्रचार गर भनेर परमेश्वरले आफ्नो भविष्यवक्ता योनालाई त्यहाँ पठाउनु भएको थियो। तर ऊ त्यहाँ नगएर जहाजबाट अन्तै भाग्न खोजेको थियो। तर हुरी र बतासले जहाजलाई तहसनहस पार्दा त्यहाँका मानिसहरूले उसलाई जहाजबाट फ्याँक्नु परेको थियो र ऊ ठूलो माछाको मुखमा तिन दिनसम्म जाकिनु परेको थियो। त्यसपछि उसलाई माछाले निनभेको समुद्र ततमा उकेली दियो र मानिसहरूलाई पश्चाताप गर भनेर प्रचार गऱ्यो, जसको फलस्वरुप उपबास र त्याग गरेर त्यहाँका मानिसहरूले आफ्ना कुकर्मलाई त्याग्ने प्रण गरे। उनीहरूको पश्चातापी हृदय देखेर परमेश्वरले तिनीहरूलाई अभयदान अर्थात् जीवनदान दिनुभयो। तर योनाह त तिनीहरूको नाश होला भनी उत्सुक भएर पहाडबाट हेरिरहेका थिए। तर जब स्वर्गबाट आगोको मिशाइल पठाएर त्यो देश नाश भएन, योनाह परमेश्वरदेखि अत्यन्त रिसायर उहाँसँग आफ्नो गुनासो यसरी पोखाउँछन्ः “म घरमा हुँदा

यस्तै हुन्छ भनेर के मलाई थाहा थिएन त? त्यसैकारण त म टार्शिशमा भाग्न खोजेको थिएँ। मलाई थाहा छ तपाईं अनुग्रही तथा सदाशयी हुनुहुन्छ। तपाईं कोमल र दयालु हुनुहुन्छ। तपाईं रिसाउनुमा धिलो हुनुहुन्छ। तपाईं प्रेमै प्रेमले भरिएको हुनुहुन्छ।मानिसहरूप्रति तपाईं करुणा देखाउनुहुन्छ। तपाईंले तिनीहरूलाई नाश गर्न चाहनुहुन्न। "(योनाह ४:२)।

धैर्यतामात्र नभएर, परमेश्वरका अरू असल गुणहरूलाई प्रस्थान ३४:६मा उल्लेख गरिएका छन्, हेर्नुहोस्। पापी मानिस जतिसुकै क्रुर र कठोर भएतापनि उसको जीवन परिवर्तन होस् भनि परमेश्वर चाहनुहुन्छ। परमेश्वरले आफ्नो अथाह अनुग्रह, दया, सदाशयता, प्रेम, माया, हित, सत्यता र सहायता ती पापी मानिसहरूलाई बगाउनुहुन्छ ताकि तिनीहरूले परिवर्तन हुन धेरै समय पाउन्। दुष्ट तथा छलि जीवनलाई परिवर्तन गरुन् भनी उहाँले मौका दिइरहनुहुन्छ। यदि मानिस जस्तो परमेश्वरमा झट्ट रिसाएर प्रहार गर्ने बानी परमेश्वरको भएको भए हामी कोहि पनि बाँचिरहँदैनौं होला।

अधर्मी, दुष्ट तथा पापी मानिसहरूसँग परमेश्वर किन धिरज हुनुहुन्छ भनेर २ पत्रुस ३:८,९ले स्पष्ट पारेको छ, हेर्नुहोस्। तपाईं र अरूप्रति परमेश्वर कत्तिको सहनशीलता तथा धैर्यता देखाइरहनुभएको छ? के उहाँको धैर्यको अनुभूति तपाईंले पाइरहनुभएको छ?

तपाईंको दिमागमा परमेश्वरको चित्रण कस्तो छ भनेर कसैले तपाईंलाई सोध्यो भने तपाईं के भन्नुहुन्छ? उहाँको स्वभावलाई तपाईंले कसरी वयान गर्नुहुन्छ? तपाईंको जवाफमा धेरै कुराहरू लुकेको हुन्छ, किनभने आफ्नो संसारप्रतिको दृष्टिकोण र अरूलाई गर्ने व्यवहारमा येशूभक्तले आफ्नो दिमागमा परमेश्वरको बारेमा राखिएको धारणाले ओगेटेको चरित्रमा भरपर्दछ। स्पष्ट रूपमा भन्ने

हो भने हाम्रो स्वभावले हामी कस्ता परमेश्वरका भक्त हौं भनेर जनसामुमा देखाउँदछन्। यदि परमेश्वर रिसाहा र झट्टे सजायँ दिइहाल्ने भनेर हाम्रो दिमागमा अडकाएर राख्यौं भने चर्च र घरमा पनि हामी त्यो स्वभावको प्रदर्शन गर्दछौं। हामीले जसलाई पूजा गर्छौं, हामी पनि त्यस्तै हुन्छौं।

रोमी १५:५,६मा हामीलाई यो आह्वान गरिएको छः "स्थिरता अर्थात् धिरजता र उत्साहका परमेश्वरले तिमीहरूलाई ख्रीष्ट येशूसँग एक भएर एउटा अर्कासँग एकै चित्तका भई जीउन दिऊन्, अनि एकै मनका भएर एउटै सोरले हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिताको महिमा तिमीहरू गर्न सकोस्।" यसलाई हामीले कसरी चरितार्थमा उतार्ने?

## २. धैर्यताको अपरिहार्यता वा आवश्यकता (एफिसी ४:१-६)

परमेश्वरमा योग्यको जीवन अर्थात् सक्षम् येशूभक्त जीवन बिताउनेहरूमा हुनुपर्ने असल गुणहरूलाई एफिसी ४:१,२मा उल्लेख गर्नुभएको छ। पावलको त्यो असल शूची केलाएर पढ्नुहोस्। ती शूचीमा धैर्यतालाई पनि प्राथमिकता दिएको छ। पावलले उल्लेख गरेका असल गुणहरूमा धैर्यतालाई कसरी समावेश गरिएकोछ? एक आपसमा ती गुणहरू कसरी भर पर्दछन्? अर्थात् ती गुणहरू एक आपसमा कसरी एउटै साङ्गलाले बाँधिएका छन्?

विभिन्न भूमिका तथा संस्कृतीहरूबाट आएका मानिसहरूको संमिश्रणको थलो चर्च हो। फेरि यसमा आत्मिक बृद्धिमा विभिन्न पाइला सारेकाहरू हुन्छन्। कुनै परिपक्व भएका येशूभक्त हुन्छन् भने कोहि सिक्दै गरेका हुन्छन्। विभिन्न थरीका मानिसहरूको बिचमा रहेर सबै अवस्थाहरूसँग सामना गर्न धैर्यताको अनिवार्यतालाई कहिलै पनि पन्छाउन सकिन्दैन। जान्ने तथा बुज्रुक इसाईहरूले नजान्ने इसाईहरूलाई हेप्ने प्रवृत्तिदेखि सजग हुनुपर्दछ। किनभने

कत्तिले भन्न सक्छ बाईबलको ज्ञानमा यो तहमा पुग्न मलाई धेरै वर्ष लाग्यो भनेर परिपक्व इसाईले भन्न सक्दछ। तर जान्ने मानिसहरूले सिकारु मानिसहरूलाई उनीहरूको ज्ञान र समजको तहमा पुगुन् भनेर समय र बाइबल अध्ययन दिन प्रायजसो हिच्किचाएको हामी पाउँछौं।

विश्वासमा कमजोर हुनसक्नेहरूलाई हामीले कसरी व्यवहार गर्नुपर्दछ भनेर रोमी १४:१ र रोमी १५:१मा पावलले हामीलाई सल्लाह दिनुभएको छ?

चर्चमा त धैर्यधारण गर्न सक्दछ रे, तर घरमा नी? घरका जहान परिवारहरूमा सानोतिनो कुराहरूमा पनि कचकच हुन सक्दछ। यो अधैर्यताको फल हो। आफ्ना परिवारमा झट्ट रिस उठ्ने बानी केले गरेर हुन्छ? केहि कारणहरू सोच्नुहोस्। परमेश्वरबाट टाडा भएका र आस्था विपरित चल्ने परिवारका सदस्यहरूको निम्ति कहिलेसम्म प्रार्थना गरिरहने? के तपाईंले यस्तो कुनै घट्ना थाहा छ जसमा कुनै परिवारले आफ्ना प्रियजन परमेश्वरमा फर्कून भनेर धेरै धेरै वर्षसम्म प्रार्थना गरे, र अन्तमा त्यसले परमेश्वरलाई आफ्नो हृदय समर्पण गरेका थिए? धिरजताको जगलाई परिवारमा मजबूत पार्न र त्यसको बृद्धि गर्न के उपयोगी कदमहरू चाल्न सकिन्छ? त्यसको निम्ति अहँतालाई त्याग्नु किन अपरिहार्यता हुन्छ?

यो पनि नबिसौं घर परिवार भनेको हाम्रो पाठशाला हो। यदि यहाँ हामीलाई मन नपर्ने दाजुभाई दिदिबहिनी आदिसँग धेर्यता देखाउन सक्यौं भने अरूसँग पनि धैर्यता देखाउन हामी सक्षम् हुन सक्दछौं।

तपाईंको जीवनमा परमेश्वरले कस्तो धैर्यता देखाउनुभएको छ त्यो सोच्नुहोस्। यो आत्मज्ञानले अरूप्रति धैर्यता देखाउन कसरी सघाउँछन्? यदि तपाईंले अरूलाई गरेकै व्यवहार अनुसार परमेश्वरले पनि तपाईंलाई गर्नुभयो भने तपाईंको स्थिति कस्तो होला?

## ३. सुसमाचारमा धैर्य (२ तिमोथी ४:२)

प्रभु येशूको बारेमा सुसमाचार सुनाउनु र सिकाउनु त्यत्ति सहज छैन। यस पुनित काममा अत्यन्त धैर्यधारण गर्नुपर्दछ। प्रायजसो सत्य थाहा नपाउने मानिसहरूप्रति हामी झर्को मान्छौं। येशूको बारेमा उनीहरूलाई चासो नै छैन भनेर उनीहरूलाई वेवास्ता गर्दछौं। तर धेरै गलत धर्मदर्शनहरू र सत्यप्रति वितृष्णाले जग गाडेको संसारमा हामी छौं। त्यसकारण यदि कसैलाई येशूतिर दोहऱ्याउन हामी चाहन्छौं भने त्यसप्रति हामी एकदम धिरज हुनुपर्दछ। "तिनीहरूले किन बुझ्दैनन्? यस्तो सजिलो सत्यलाई पनि वास्ता गर्दैनन्। " भनेर टाउको हल्लाउँदै हामी सजिलैसँग छक्क पर्न सक्दछौं।

तर जसको मन मतिष्क खुला छ, तिनीहरूको निम्ति सत्य सधैं छर्लङ्ग हुन्छन्। तर कतिपय मानिसहरूको मनमा गलत शिक्षाहरूले जग गाडेका हुन्छन् र पारिवारिक कारणले येशूको बारेमा सुनाउँदा असजिलो महशूस हुन्छ। तिनीहरूको हृदयको ढोका सत्यको निम्ति बन्द गरेका हुन्छन्। त्यसैकारण त्यस्ता मानिसहरूप्रति हामीले धेरै धैर्यता अपनाउनु पर्दछ, र उनीहरूको संकुचित दिमागलाई सत्यको निम्ति खुलाउन प्रयास जारी राख्नुपर्दछ।

मर्कूस ४:२६-२९मा एक दृष्टान्त उल्लेख गरेका छन्। यसमा धैर्यताको बारेमा पाठहरू सिकाईरहेका छन्। यस दृष्टान्त पढ्नुहोस् र यहाँ धैर्यताको बारेमा कस्ता उपयोगी पाठहरू हामी सिक्नसक्दछौं?

कसैले बाइबलका शिक्षादिक्षा हासिल गर्दछन् तर तुरन्तै उसले त्यसलाई आत्मसात् गर्न चाहन्न रे। हामी भन्छौं त्यस्ता व्यक्तिले सत्यलाई ग्रहण गर्न अश्विकार गऱ्यो। तर कतिपय स्थितिमा त्यो अनुमान सत्य हुन्छ भन्ने छैन। येशूतिर मन-परिवर्तन गर्नु भनेको लामो समय लाग्ने प्रक्रिया हो, कत्तिलाई त वर्षौंसम्म पनि लाग्न

सक्दछ। हामीहरू मध्ये कत्तिले त हाम्रो कामको फल तुरन्तै देख्न सकौं भन्ने आत्तुरी हुनसक्दछ। प्रचार गरियो भन्दैमा सबैले तुरन्तै येशूलाई ग्रहण गर्छन् भन्ने छैन। तर हामीले के सोच्नुपर्दछ भने सुसमाचार सुनिएका व्यक्तिहरूको निम्ति हामी कहिलै पनि तगारो बन्नु हुँदैन। हामीले करबलले सुसमाचार सुनाउन खोज्यौं भने कत्तिको मनमा त वितृष्णा पनि पैदा हुनसक्दछ। अझ महत्वपूर्ण कुरो त, हामीले अपेक्षा गरेको बेलामा हामीले मनपरेको सत्यलाई कसैले ग्रहण गरेन भन्दैमा तिनीहरूको आलोचना गर्नुहुँदैन न त तिनीहरूको न्याय गर्नुहुन्छ। श्रोतालाई दोष लगाएर सुसमाचारतिर तान्न हामी कोशिस गर्नुहुन्न। कुनै व्यक्तिले येशूलाई ग्रहण गरुन भनेर तपाईं अथक प्रयास गर्नु होला। तर यो नविर्सनुस, त्यो प्रयास धेरै वर्ष पछी त्यस व्यक्तिको आँखा खोलिने महत्वपूर्ण कदम हुनसक्दछ। तत्कालै तपाईंको प्रयासको नतिजा हुनुपर्दछ भन्ने कर छैन। त्यसकारण कसैले येशूलाई ग्रहण गरेन भन्दैमा त्यसलाई दोषारोपण वा आलोचना गरेर उसको हृदयमा सुसमाचारप्रति वितृष्णा नजागोस भनेर हामी सजग हुनुपर्दछ।

यस अध्यायको अध्ययन शिलशिलामा १ सामुयल १६:७मा के यस्तो उल्लेखनिय दर्शन छ जसलाई हामी कहिलै पनि विर्सनुहुँदैन?

## ४. धैर्यताको पनि सिमाना हुन्छ (उत्पत्ति ६:३)

पापीहरूप्रति परमेश्वरको धैर्यता अपरम्पार छ, यसमा द्विविधा छैन। बाइबलमा धेरै यस्ता उदाहरणहरू छन् जसमा परमेश्वरले अधिकतमा सदाशयता देखाउनुभएको थियो। तर परमेश्वरको धैर्यताको पनि सिमाना हुन्छ भन्ने कुरालाई बुझ्नु अत्यन्त जरुरी छ। जब नोहा जहाज बनाइरहेका थिए, परमेश्वरले आफ्नो धैर्यता एक दिन दुई दिन वा एक वर्ष दुई वर्ष होइन, एक सय बिस वर्षसम्म देखाउनुभएको थियो (१ पत्रुस ३:२०)। तर एक सय बिस वर्षसम्म

पनि परमेश्वरप्रति अविश्वास गर्ने मानिसहरूको हठीपना नहट्दा उहाँको धैर्यताको सिमा टुट्यो। अनि ती दुष्ट मानिसहरूलाई जलप्रलयबाट नाश गर्नु भयो।

यस्ता के महत्वपूर्ण सुत्रहरू छन् जसलाई हामी उत्पत्ति ६ः३मा पाउँछौं?

परमेश्वरको धैर्यतालाई मनुष्य जातीले जाँच्दा त्यो धैर्यताको अन्त भएर ती मानिसहरू कत्तिको दुःख पाए भनेर बाइबलका बिभिन्न कथाहरूले देखाउँदछ, जस्तैः सोडोम गोमोराह, सिनैको मरुभुमीमा इस्रायलीहरूले परमेश्वरप्रति देखाएका रिस, र यहुदीहरूले बेबिलोनमा गरेका नराम्रा कामहरू। ती सबैमा मानिसहरूका आफ्नै बुद्धिले गर्दा कसरी दु,ख कष्ट भोगे भनेर उल्लेख गरिएको छ। मानिसहरूका बिचार, भावना र मनस्थितिले गर्दा माथिका मानिसहरू कसरी दुःखमा होमिन पुगे भनेर देहायका पदहरूले बताउँदछन्। हेर्नुहोस्ः व्यवस्था ३१ः२७, भजन ९५ः८, र यर्मिया १७ः२३।

परमेश्वर त रिसाउनु हुन्छ र आफ्नो धैर्यतालाई गुमाउनु हुन्छ, हामीले किन नगुमाउने भनेर हामी भन्छौं होला। तर जब हामी परमेश्वरको धैर्यताको इतिहासलाई नियाल्दा उहाँको धैर्यताको सिमाना केवल एक दिन, एक हप्ता वा एक वर्षसम्म मात्र थिएन। कत्तिपटक त पुस्तौं पुस्ता सम्म पनि परमेश्वरको धैर्यता स्थिर रहन्थ्यो। यसको अर्थ यो हो, धैर्यतालाई गुमाउने अधिकार हाम्रो छैन।

कठिन परिस्थितिमा मानिसहरूसँग हाम्रो धैर्यता गुमाउँदा के न्यायोचित हुनसक्दछ? यो के भन्न खोजेको त्यस तात्पर्यमा भर पर्दछ। कतिपय अवस्थामा यो त अति भयो र त्यसको अन्त हुनुपर्दछ भनेर हामी निष्कर्षमा पुग्न सक्छौं। तर त्यो स्थितिमा हामी पुग्नु पऱ्यो भन्दैमा हामी क्रुर, प्रेमरहित र दोषारोपण गर्ने भएका छौं भन्ने छैन। मानिसलाई वा परिस्थितिलाई सम्हाल्न जे निर्णय गर्नु

परेतापनि हाम्रो निर्णयमा दया, सदाशयता, प्रेम र स्नेहको सुत्रहरूबाट हामी बिचलित हुनुहुन्दैन।

कुनै वखतमा खराब कारणले होस् वा असल कामले होस्, तपाईले आफ्नो धैर्यता गुमाउनु भयो रे, त्यस अवस्थालाई पुनः बिचार गर्नुहोस्। ती दुई अवस्थाहरूमा के भिन्नता थिए? ती अनुभवबाट तपाईंले के सिक्नुभयो? यदि त्यहि परिस्थिति अहिले फेरि खडा भयो भने त्यसलाई तपाईंले कसरी फरक ढँगले सम्हाल्नुहुन्छ?

## ५, धैर्यतालाई कसरी बढाउने (याकूब १:२-४)

याकूब १:२-४मा व्यक्त गरेका अभिव्यक्ति कत्तिको सत्य रहेछ भनेर तपाईंले अनुभव गर्नुभएको छ? बिभिन्न दुःख, कष्टको सामना गरेर के तपाईं असल व्यक्ति हुनुभएको छ? येशूको स्वभावलाई अंगाल्न तपाईंलाई केले सहयोग पुऱ्याएको छ?

ग्रीक वा युनानी शव्दमा "आपद-बिपद" वा "परिक्षा"लाई पिराजो (*pirazo)*भनिन्छ। गहिरो अर्थमा यस पिराजोको अर्थ जाँच गर्नु वा प्रमाणित गर्नु हो। सैतानले हामीलाई नराम्रो काम गर्न उक्साउँछन्। जुन परिक्षा, आपद-बिपद आदि हाम्रो जीवनमा आउँछन् त्यो सैतानबाट आएपनि परमेश्वरले रोक्नु हुन्न किनभने त्यसबाट हाम्रो चरित्रको बिकास होस् भनेर परमेश्वर चाहनुहुन्छ।

"जीवनमा आउने परिक्षाहरू परमेश्वरका कामदारहरू हुन्। यिनीहरूले हाम्रो चरित्रमा भएका असुद्ध र खस्रोपनालाई छाँटेर निकाल्दछन्। उनीहरूले प्रयोग गरेका औजारले हाम्रो चरित्रलाई तिखार्छ, कुँद्दछ, र तल्काउँछ। यो प्रक्रिया दर्दनाक पनि हुनसक्दछ। जाँतोमा पिसिनु एकदम कठिन कार्य हो। तर यसरी पिल्सियर निस्केको तपाईं पत्थर अर्थात् तपाईंको जीवनलाई परमेश्वरको मन्दिरलाई सजाउँछन प्रयोग गरिन्छ। सुरुमा काम नलाग्ने पत्थरलाई कुशल शिल्पकार परमेश्वरले बढो जतनसाथ

छाटकाँट गर्नुहुन्छ। जसरी कुनै पनि दरवारमा योग्य पत्थर टल्केर बसेका हुन्छन्‘ त्यसरी नै उहाँका सुयोग्य पत्थरहरूलाई चम्काएर र टल्काएर उहाँको पवित्र मन्दिरमा सजाउनु हुन्छ।“ एलेन जी ह्वाईट, *थतस् फ्रम द माउन्ट अभ ब्लेशिङ्ग* पृ. १०बाट रूपान्तरित।

यसको अर्थ यो होइन कि सबै खालका दुःख कष्ट आपद-बिपद परमेश्वरले ल्याउनु भएको हो वा उहाँको इच्छामा भएको हो। प्रायजसो हाम्रै बिद्रोही भावाना र अनाज्ञाकारिताले ती कष्टहरूलाई हामी निम्त्याउँछौं। प्रायजसो ती दुःख कष्टको कारण हामी पतित र पापी संसारमा रहेका छौं जहाँ हामीलाई घृणा गर्नु परम सत्रु सैतानले रजाँई गरेको छ भनेर देखाउँदछन् (१ पत्रुस ५:८)। यसको अर्थ के हो त? यसको अर्थ यो हो, यदि हामी परमेश्वरमा समर्पित जीवन बितायौं र विश्वासी र आज्ञाकारी भएर उहाँको सेवा गऱ्यौं भने सबै तकलिफहरूले पनि हामीलाई असल येशूभक्त बन्न सघाउँछन्। हाम्रो जीवनमा परमेश्वरलाई काम गर्न दिनुपर्दछ। कसैले पनि यो रमाइलो प्रक्रिया हो भने भनेका छैनन्। प्रायजसो हाम्रो जीवन रमाइलो छैन। तर हामीलाई अचम्मको प्रतिज्ञा परमेश्वरले दिनुभएको छः “जुन परमेश्वरले असल कार्य तिम्रो जीवनमा सुरु गर्नु भएको छ त्यो पूर्ण रूपमा सम्पन्न गर्नुहुनेछ भन्ने कुरामा म विश्वस्त छु। त्यो ता येशूको पुनआगमनमा पुरा हुनेछ।“ (फिलिप्पी १:६)।

## उपसंहारः

थप जानकारीः “हठी र पापी मानव जाती (पुरुष, स्त्री वा बालबालिकाहरू)सँग काम गर्नु हुँदा परमेश्वर अत्यन्त धैर्य हुनुहुन्छ। उहाँले आफ्ना बिभिन्न प्रविधीहरू अपनाएर मानिसहरू उहाँमा फर्कन आह्वान गर्नुहुन्छ र यदि तिनीहरूले पश्चाताप गरे पूरा क्षमा दिने वचन दिनुहुन्छ। तर परमेश्वर धेरै धिरजी भएको कारणले मानिसले त्यसको फायदा उठाएर उहाँको दयालाई गलत

रूपमा प्रयोग गरेको पाउँछौं। मानिसले गरेका दुष्ट कामलाई परमेश्वरले तुरन्तै सजायँ नदिएको हुनाले मानिसका छोरा छोरीहरूले दुष्ट काम गर्न आफ्ना मनहरूलाई पूर्ण रूपमा लगाइरहेका हुन्छन्। परमेश्वरको धैर्यताले गर्दा तिनीहरूको आत्मा कोमल हुनुपर्ने थियो। तर परमेश्वरलाई अश्विकार गर्न निधो गरेका हुनाले ती पापीहरूको हृदयमा अर्कै प्रभावले जग बसालेको हुन्छ। यसले गर्दा तिनीहरूले परमेश्वरको संरचनाको खिलाफ बिद्रोह गर्छन् र तिनीहरूको मन अझ हठी हुन्छन्। तिनीहरू भन्छन् परमेश्वर धेरै धिरजी हुनुभएकोले तिनीहरूको पापलाई वास्ता गर्नुहुन्न। यदि मानिसहरूले अपराध गर्ने वित्तिकै सजायँ दियो भने शायद परमेश्वरको खिलाफमा पाप गर्दैनथे होला। तर याद राख्नुहोस्, सजायँ ढिलो त होला, तर पापको फल मानिसले अवश्यमेव पाउनेछन्। परमेश्वरको धैर्यताको पनि सिमाना हुन्छ। अति भएपछि परमेश्वरको शहनशीलताको सिमाना नाघिन सक्छ र उहाँले दुष्टलाई सजायँ दिनुहुन्छ। जब हठी पापीहरूलाई परमेश्वरले सजायँ दिनुहुन्छ, उसको पूर्ण अन्त नभएसम्म उहाँ रोक्नुहुन्न।"एलेन जी ह्वाईट, द एसडीए बाइबल कमेन्टरी पृ. ११६६बाट रूपान्तरित।

**चिन्तनमनन:**

क. परमेश्वर धैर्यवान हुनुहुन्छ भन्दैमा उहाँले पापप्रति आँखा चिम्लनुहुन्छ भनेको होइन। धैर्यवान हुनु र पापलाई वेवास्ता गर्नुमा के भिन्नता छ? ती दुईको अलमलमा पर्नु किन सजिलो हुन्छ?

ख. धैर्यता भनेको के रहेछ भनेर येशूको जीवनीलाई अध्ययन गर्दा कसरी थाहा पाउँछौं? धैर्यताको बारेमा उहाँले आफ्नो जीवनमा कस्ता प्रभावशाली उदाहरणहरू देखाउनु भएको पाउँछौं? फेरि

कुन परिस्थितिलाई उहाँले देखाउनुभएको छ जहाँ धैर्यताको स्थान उचित देखिन्दैन?

ग. दुःख कष्ट र चरित्रको बारेमा अझ धेरै प्रश्नहरूलाई सोच्नुहोस्। धेरै परिस्थितिमा कष्टले गर्दा हाम्रो चरित्रलाई बलियो बनाउँछ भन्ने कुरामा कसैको असहमत नहोला। तर ती दुःखकष्टले मानिसलाई तितो बनाएर परमेश्वरबाट तर्किन्छ र उहाँप्रति शंङ्का उत्पन्न गराउँछ भने त्यस दुःखको अर्थ के भयो त? के तपाईंले कोहि यस्तो मानिसको बारेमा कहिलै थाहा पाउनुभएको छ जो दुःख परेको कारण परमेश्वरबाट टाडा भएका थिए?

घ. दुःख कष्ट बाहेक परमेश्वरले अरू कुन तरिकाहरूबाट धैर्यबान हुन हामीलाई सिकाउनुहुन्छ? तपाईंले धैर्यवान हुन सिक्नुभएको छ कि वा सिकिरहनुभएको छ?

ङ. रिसको झोकमा कसैलाई चित्त दुखाउनुभएको छ भने उसँग क्षमा माग्न के तपाईं तत्पर हुनुभएको छ? तपाईं नरम भएर किन जानु हुन्न? आफूलाई नम्र बनाएर माफी माग्दै त्यस व्यक्तिसँग ठिक सम्वन्ध राख्न तपाई किन लाग्न चाहनुहुन्न? येशूलाई विश्वास गर्नु भनेकै यी कुराहरूलाई अपनाउनु होइन त?

६ पवित्र आत्माको फल

# दया हो

*यस अध्यायको निम्ति पढ्नुहोस्:* २ सामुयल ९:१-१३, हितोपदेश १५:१-५, हितोपदेश २५:११-१५,मत्ति ५:४३-४८, लुका ६:३५,३८, एफिसी ४:३२, कलस्सी ३:१२-१४।

*स्मरण गर्नुपर्ने पद:* "तिमीहरू परमेश्वरले चुन्नुभएका जनहरू हौ। तिमीहरू पवित्र र अत्यन्त प्रेमका पात्र हौ। त्यसकारण कोमल अनुग्रह र दयालाई पोशाक झैं पहिर। अहँमा नफूल। भद् भलादमी वा शिष्ट र धिरजी होऊ। " (कलस्सी ३:१२)।

प्रेमको प्रदर्शन कसरी हुन्छ भनेर पावलले वाख्या गर्न खोज्दा उनको मनमा धैर्यतालाई प्रार्थमिकता पाएको देख्छौं: "प्रेम धैर्य वा सहनशील हुन्छ" (१ कोरन्थी १३:४)। सहनशीलता पछि पावलले प्रेम दयालु हुन्छ भनेर उल्लेख गर्दछन्। यसको अर्थ, प्रेम र दयाको बिचमा घनिष्ट सम्वन्ध हुन्छ। दया बिना प्रेमको केवल देखावटीमात्र हुन्छ।

धैर्यता वा सहनशीलता भनेको प्रेमलाई क्रियाशील बनाउनु हो भनेर हामीले हेऱ्यौं। तर दयाले प्रेमलाई अझ सक्रिय बनाएको देखाउँदछ। प्रायजसो हामी निष्कृय भएर हाम्रो धैर्यताको प्रदर्शन गर्दछौं। तर हामी के भन्छौं र के गर्छौं, त्यसद्वारा हाम्रो दयालुता वा कृपाशीलता देखाउँछौं। त्यो पनि हामीले कसरी दयालाई मुखबाट व्यक्त गर्दछौं र कामबाट देखाउँछौं त्यसमा हामी दयालु छौं कि छैन भनेर देखाउँछ, अनि त्यो दयालाई किन व्यक्त गऱ्यौं र त्यस दया देखाउन किन अग्रसर भयौं, त्यसले पनि हाम्रो हृदयलाई जाँच्दछ।

पाठकबृन्ध, दया भनेको जसले पनि देखाउन सक्दछ। दया देखाउँदा हामीले समय र शक्तिलाई त्याग्न राजी हुनुपर्दछ। दयालु हुनु भनेको आफै क्रियापद हुन् जसमा धेरै पर्यायबाचीहरूद्वारा त्यसको अर्थ व्यक्त

गर्न सकिन्छ। दयाको घनिष्ट मित्र प्रेम जस्तै यसको प्रभावमा अचम्मको शक्ति लुकेको हुन्छ। यहि दयाबाट हाम्रो परमेश्वर कस्तो हुनुहुन्छ भनेर चित्रण गरिएको छ।

## १, दयाको उत्कृष्ट अनुकरणीय नमुना (मत्ती ५:४३-४८)

परमेश्वरको दया र उदारतालाई येशूले डाँडामा दिनुभएको उपदेशमा स्पष्ट पार्नुभएको हामी पाउँछौ। मत्ती ५:४३-४८ पढ्नुहोस् र तलका प्रश्नहरूको जवाफ दिनुहोस्ः

क. कुन उच्च आदर्शमा हामी रहनु पर्दछ भनेर येशूले हामीलाई आह्वान गरिरहनुभएको छ?

ख. कुन कारणले यस आदर्शमा रहन येशूले हामीलाई बोलाउनुभएको छ?

ग. येशूले सिद्ध भन्ने शव्दलाई पद ४८मा प्रयोग गर्नुभएको छ त्यसलाई नियाल्नुहोस्।"स्वर्गमा हुनुहुने हाम्रा पिता सिद्ध भएझैं" हामी पनि सिद्ध हुनुपर्दछ भन्ने तात्पर्यतालाई त्यहि सिद्ध शव्दले कसरी हामीलाई बुझाउन खोजेको पाउँछौं?

परमेश्वरको अनुग्रहको बरदानहरू भनेको त्यहि हुन्। तिनीहरू बरदान हुन्। तिनीहरूलाई कमाएर पाउने होइन न त मानवजातीले त्यसलाई पाउन योग्य नै छ। सारा मानव जातीले परमेश्वरको खिलाफमा जानाजानी पाप गरेका छन्। तिनीहरूले उहाँलाई वेवास्ता गरे वा पन्छाए। यसको अर्थ, मानिसले जतिसुकै पवित्र भनेर सन्तको लुगा लगाएतापनि, ऊ अत्यन्त अधर्मी पापी सरह नै हुन्छ। हामी सबैलाई परमेश्वरले दिनुहुने दया र उदारता तथा सदाशयता प्राप्तिको निम्ति योग्य छैनौं।

जसरी परमेश्वर उत्तम, परिपक्व वा सिद्ध हुनुहुन्छ त्यसरी नै हामी पनि उत्तम वा सिद्ध हुनुपर्दछ भनेर येशूले गर्नुभएको आह्वान माथि उल्लेखित पदहरूले देखाउँदछन्। तर हामी कसरी उत्तम, सिद्ध वा परिपक्व हुने।

परमेश्वरको उत्तम चरित्रलाई हाम्रो जीवनमा समावेश गर्नको लागी यहाँ उल्लेख गरेका केहि उपायहरूलाई ध्यान दिनु जरुरी छः हाम्रा बैरीहरूलाई माया गर्नु वा सदाशयता देखाउनु, जसले हामीलाई दुर्व्यवहार गर्दछन् तिनीहरूप्रति प्रतिशोधको भावना नराखी तिनीहरूको निम्ति प्रार्थना गर्नु, हामीलाई हेप्ने तथा हामीप्रति निर्दयिता देखाउनेहरूलाई दयाभावले प्रेरित भएर त्यसै अनुसार तिनीहरूलाई व्यवहार गर्नु आदि। जसरी परमेश्वर आफ्नो स्थानमा र सबै काममा सिद्ध, परिपक्व वा उत्तम हुनुहुन्छ, त्यसरी नै हामी आफ्नै स्थानमा, हामीहरूको कारोबार वा चरित्रमा सिद्ध, परिपक्व वा उत्तम हुनुपर्दछ। यहि नै येशूले आह्वान गर्नुभएको सिद्धता हो। आफ्नो अहँतालाई सर्बोच्च नमानी अरूको हितको लागि त्याग्न सफल भयौं भने हाम्रो चर्च र घर कस्तो हुने थियो होला? के तपाईं कल्पना गर्न सक्नुहुन्छ? यदि हामी येशूको शक्तिले यस्तो जीवन बिताउन सक्यौं भने कुनै पनि नर्कका ढोकाले हामीलाई ढाल्न सक्दैनन्। हामी येशूको निम्ति प्रभावकारी साछि हुन सक्षम् पनि हुनेछौं। तर यस सुमार्गमा नहिंड्न केले हामीलाई रोक्दछ त? अरू कुनै नभएर हाम्रै पापी हृदय जो धनको लागि परमेश्वरप्रतिको आस्था र भरोसालाई पोको पारेर एउटा कुनामा फेंकिदिन्छ। बाइबलमा त्यस्तालाई कर उठाउने कर्मचारी भनेर संज्ञा दिइन्छ। यस्ता मानिसहरू सरकारलाई ठगेर आफू धनी हुन्छन्। धर्मको नाउँमा आफ्नो हैशियतलाई बिस्तार गर्ने मानिस कुनै पनि कर हाकिमभन्दा कम हुँदैनन्।

माथि उल्लेखित येशूको महाणबाणीलाई पछ्याउन तपाईंको जीवनमा के कठोर तथा गहिरो परिवर्तन हुन आवश्यक छ? आत्मआलोचना सहित सोच्नुहोस्।

## २. मरेको कुक्कुरलाई दया देखाउनु (२ सामुयल ९:१-१३)

आफ्नै ससुराले ल्याएका अनेक विपत्तिको सामना गरिसकेपछि दाउद राजा भएका थिए। उसले एक जना व्यक्तिलाई सदाशयता र उत्कृष्ट

दया देखाएका थिए। हेर्नुहोस्: २ सामूयल ९:१-१३। यस कामबाट राजा दाउदले परमेश्वरको चरित्रलाई कसरी प्रतिविम्वित गरेको पाउँछौं?

मेफिबोशेथ राजा दाउदका घनिष्ट मित्र जोनाथानका छोरा थिए, जो दाउदलाई खेद्ने राजा सावलका नाति थिए। "दाउदका सत्रुहरूबाट उसको बारेमा अत्यन्त गलत, नराम्रो र भ्रमात्मक कुराहरू मेफिबोशेथलाई सुनाएका थिए र यी धारणाहरूलाई उसले बिश्वास गरेका थिए। यसले गर्दा मेफिबोशेथले राजा दाउदलाई अत्यन्त घृणा गर्दथे। दाउदले नै उसले पाउनु पर्ने राजगद्दी खोसेका थिए भनेर उसको दिमागमा घुसेको थियो। तर राजा दाउदले उसलाई आफ्नो दरवारमा निम्त्याएर, आफ्नै साथ खान दिएर उसप्रति सदाशयता र दया देखाएका थिए। दाउदको त्यस निरन्तर करुणाले गर्दा मेफिबोशेथको मन जितेका थिए। यसको फलस्वरूप मेफिबोशेथ दाउदसँग अत्यन्त घनिष्ठ भए। परमेश्वरले नै दाउदलाई चुनेकाले आफ्नो चासो पनि उनीसँग जोडिएको मेफिबोसेथले महशुस गरे।"-एलेन जी ह्वाईट, *पाट्रियार्क एण्ड प्रोफेटस्* पृ, ७१३बाट रूपान्तरित।

आफ्नो परम सत्रु सावलको घरानालाई सदाशयता देखाएर दाउद राजाले परमेश्वरको उत्कृष्ट दयाको नमुना प्रस्तुत गरेका थिए। राजा दाउद हामी सबै जस्तै पापी छौं भनेर स्विकार गरेका थिए र परमेश्वरको सदाशयता, दया र अनुग्रहमा सहभागी हुन आफू योग्य थिएन भनेर ठम्याएका थिए। जब उनले परमेश्वरको दया पाए, त्यसलाई अरूलाई मनि बाँड्नु पर्दछ भनेर महशुस गर्नै मेफिबोसेथ जस्तोलाई आफ्नो काखमा च्यापेका थिए।

लुका ७:४७ अनुसार अरूलाई परमेश्वरको दया बाँड्नु पहिले हामीले के कुराको ज्ञान हुनुपर्दछ? यसमा दिएको सुत्र अनुसार अरूलाई दया देखाउनु पहिले दयाको भनेको के रहेछ भनेर बुझ्न के कुराको महशुस गर्न आवश्यक छ?

केहि समय परमेश्वरले तपाईंलाई देखाउनु भएको भलाई र दयालाई सोच्नुहोस्। के त्यो पाउन तपाईं योग्यको हुनुहुन्छ? के तपाईंलाई दया देखाउन परमेश्वर ऋणी हुनुहुन्छ? के तपाईंका बिचारहरू, कामहरू र बोलीहरू एकदम निस्वार्थी' पवित्र, त्यागी र प्रेमिलो छन् त जसले गर्दा परमेश्वरले तपाईंलाई सदाशयता देखाउन बाध्य हुनुहुन्छ किनभने तपाईंले पनि देखाइरहनुभएको छ? यसको जवाफमा हामी छैनौं भन्ने कुरामा पक्का छ। तै पनि एउटा महत्वपूर्ण बुँदा यहाँ प्रस्तुत गर्दछ। परमेश्वरले हामीलाई क्षमादिनुभयो भनेर हामी बुझ्छौं। हामी जस्तोसुकै, जो भएपनि र जे गरेपनि परमेश्वरले हामीलाई माया गर्नुहुन्छ भनेर हामी जान्छौं। यसैलाई आधार सुत्र मानेर हाम्रो दया र मायाको योग्य नभएतापनि अरूलाई पनि त्यसरी न दया र माया देखाउनु हाम्रो परम कर्तव्य हो। तर यी सबैकुरा गर्न सक्षम् हुन हामीले हरदम येशूको क्रुसलाई मध्य नजर राख्यौं भने मात्र सफलता हासील गर्न सक्दछौं।

तपाईंले आफ्नो जीवनको समिक्षा गर्नुहोस्। विगत समयमा कस्ता कस्ता कुराहरूलाई पन्छाई परमेश्वरले तपाईंलाई क्षमा दिनुभएको छ? यहि आत्मज्ञानले तपाईं परिपक्व हुनुभयो भने तपाईंलाई अनेक चोट पुऱ्याउने अरूलाई पनि क्षमा दिन तपाईं कसरी सक्षम् हुनसक्नुहुन्छ?

## ३. दयालु वचनहरू (एफिसी ४:३२)

एफिसी ४:३२का पद यसरी अन्त गरिएको छः "तिमीहरू एक अर्काप्रति कोमल र दयालु होओ।" जसरी परमेश्वरले हामीलाई दया देखाउनु भयो, त्यसरी नै अरूलाई दया देखाउनुपर्छ भनेर अघिल्लो बुँदामा सिकेको अनुसार यो पद कस्तो ठिकसँग मिल्दो रहेछ, सोच्नुहोस् त?

मौसम अनुसार नभएर येशूभक्तले सबै समयमा दया देखाउनु पर्दछ। तर हाम्रो रहन सहनमा विषेश गरेर कमेकम तिन किसिमका मानिसहरूलाई हाम्रो दया तथा प्रोत्साहनको आवश्यकता हुन्छन्।

प्रथमतः आत्मिक बालकहरू (नयाँ विश्वासीहरू) हाम्रो दयाका पात्र हुन्। “हामी तिमीहरूप्रति भद्र तथा नम्र भएका थियौं। साना बालबालिकहरूलाई स्याहारसुसार गर्ने आमाझैं हामी तिमीहरूलाई भएका थियौं।“ (१ थेस्सोलोनी २:७)।

दोश्रो, कमजोरीहरूतर्फ हामी दयालु हुनुपर्दछ र तिनीहरूलाई हामीले प्रेरणा र उत्साह दिनुपर्दछ। “हामी जो विश्वासमा बलियो छौं, कमजोरी विश्वासीहरूको समस्याहरूमा हामीले सहयोग गर्नुपर्दछ। हामीले आफ्नो मात्र भलाई खोज्नु हुँदैन।“ (रोमी १५:१)।

तेश्रो, आत्मिक रूपमा विमार भएकाहरूलाई हामीले रेखदेख गर्नुपर्दछ। (२ तिमोथी २:२४,२५)।

एक जना व्यापारीले एक फेरा भनेका थिएः “रातमा घर नपुगी आनन्दै हुँदैन। दिनभरी दया देखाउँदा देखाउँदै म धेरै थाक्दछु।“ अरू मानिसहरूप्रति देखाउने यस्तो भावना कस्तो दुःखलाग्दो छ।

घरमा पनि दया देखाउनु अत्यन्त जरुरी छ। घरमा विशेष गरेर एउटा किसिमबाट दया देखाउन सक्दछौं। त्यो हो एक आपसमा झर्को नमानी कुरा गर्नु वा काम अऱ्हाउनु। घरमा हलुका अर्थात् गऱ्हौं वातावरण बनाउनुमा घरका परिवारले बोल्ने बानीमा भर पर्दछ। श्रीमानले श्रीमतीलाई वा छोराछोरीहरूले आफ्ना आमाबाबुहरूलाई वा आमाबाबुहरूले छोराछोरीहरूप्रति बोल्ने वचनमा होशियार भयो भने एक आपसमा रिसइबी, झगडा, कचकच सजिलोसँग हट्दथ्यो। एउटै कुरालाई नरमसँग चित्त नदुखाइ वा वेइज्जत नगरी व्यक्त गर्नसक्दछ भने त्यसैलाई रुखो वचन अपनाएर अरूको दिलमा चोट पुऱ्याउन सक्दछ। मूल कुरा त हामी जे बोल्छौं त्यो कसरी बोल्छौंमा भर पर्दछ। मानिसका वचनहरूमा केवल शव्दका अर्थहरूमात्र लुकेका हुँदैन। हामीहरूका अनुहारले, हाम्रा बोलीका आवाजले र हाउभाउले हाम्रा विचार, भावना र तर्कहरूलाई व्यक्त गर्दछ। त्यसकारण हाम्रो शरीरको हाउभाउमा र कसरी बोल्नुपर्दछ त्यसमा हामीले एकदम

सतर्कता अपनाउनु पर्दछ नत्र भने अरू मानिस सजिलै हामीसँग चिढिन सक्दछ। कसैको चित्त नदुखाउने हाम्रो इरादा नहुँदा नहुँदै पनि हाम्रो बोलीवचन व्यक्त गर्ने तरिकाले अरूको चित्त दुख्न सक्दछ।

हाम्रो कस्तो बोली हुनुपर्दछ र कसरी व्यक्त गर्नुपर्दछ भनेर हितोपदेश १५:१-५ र हितोपदेश २५:११-१५ले के भन्दछ? जब यी वचनहरू पढ्नुहुन्छ, अरूलाई बोल्नुहुँदा कसरी बोल्नुपर्छ भन्ने कुरालाई ख्याल गर्न सहयोग होला भनी हामी आशा गर्दछौं। अरूलाई मृदुस्वर र दयापुर्ण भावले बोल्ने तरिकाहरू सोच्नुहोस्।

## ४. दया फर्काइन्छ (लुका ६:३८)

लुका ६:३८मा येशूले व्यक्त गर्नुभएको तात्पर्य के हो? जीवनको कुन सुत्रलाई उहाँले औंल्याइरहनुभएकोछ?

हामीले अरूलाई गरेको व्यवहार अनुसार हामीलाई पनि त्यस्तै व्यवहार गरिएको प्रायजसो पाउँछौं। यदि हामी दयालु भयौं भने अरू पनि हामी प्रति दयालु भएको पाउँछौं। फेरि त्यसको बिपरित पनि कार्यान्वन हुन्छ। यदि अरूप्रति हामी निष्ठुर भयौं भने, अरूले पनि हामीलाई निष्ठुरै व्यवहार गर्दछन्।

हो, हामीले अरूप्रति असल व्यवहार गऱ्यौं भने अरूले पनि हामीलाई असलै व्यवहार गर्दछन् त भन्यौं, तर इसाई जगतमा यो प्रायजसो संजोग भएको पाउँछौं। येशूले सबैको हित नै गर्नुभएको थियो। तर अरूले उहाँलाई कस्तो व्यवहार गरे त? हामीहरूको असल व्यवहारलाई असलै गरेर फर्किनु संजोग हुन्छ भने नफर्किनु यथार्थता हो। तर येशूभक्तको निति त यो हुनुपर्दछ हाम्रो असल व्यवहारमा स्थिरता र निरन्तरता हुनुपर्दछ अरूले हामीलाई राम्रो गरोस् वा नगरोस्। कसैले हामीप्रति कृतज्ञ हुनुपर्दछ भनेर येशूभक्तभएको नाताले अपेक्षा गर्दैनौं। दया देखाउनुहोस्, चाहे अरूले तपाईंलाई त्यस दयालाई फर्काओस् वा

नफर्काओस्। येशूका सच्चा भक्त भनेर देखाउने अनुकरणीय उदाहरणको प्रमाण नै यो हुनसक्दछ, हाम्रो चित्त दुखाउने वा हामीलाई

दया नदेखाउनेलाई दया देखाउनु। अरूलाई हामीले कस्तो व्यवहार गर्दछौं त्यसले अरूले पनि हामीलाई व्यवहार गर्न प्रभाव पार्दछ। “तिमीले सबै थोक जे अरूलाई गर्दछौ, त्यहि गर जुन तिमीहरूलाई अरूले गरोस् भनेको चाहन्छौं। यी नै कुरा व्यवस्थामा र भविष्यवक्ताहरूले लेखेका छन्।“ मत्ती ७:१२।

यो अध्यायभरि हामीले छलफल गरेको सन्दर्भमा लुका ६:३५ कसरी समायोजन भएको पाउँछौं?

तपाईंलाई सहायता गर्नेलाई दया देखाउनु सजिलै छ। यो देनिक र सार्वजनिक प्रक्रिया हो। यो जसले पनि गर्दछ। तर तपाईंलाई कहिले पनि केहि नगर्नेलाई दया देखाउनु प्रायजसो गाऱ्हो भएको तपाईंले महशुस गर्नु स्वाभाविकै हो। यद्यपि, येशूभक्तलाई यथार्थरूपमा जाँच गर्ने तरिका नै यो भएको छ।

आफूलाई नियालेर आत्मआलोचना गर्दै हेर्नुहोस्। तपाईंले कसैलाई दया देखाउनु हुन्छ भने के त्यो दया निश्वार्थी प्रेमले हो व कुनै दिन त्यो दया तपाईंलाई उसले फर्काओस् भन्ने भावनाले प्रेरित भएर परोपकारी काम गर्नुभएको हो? यदि दोश्रो कारणले तपाईंले अरूलाई हितकारी व्यवहार गर्नुहुन्छ भने येशूको भावनालाई तपाईंको जीवनमा प्रत्यारोपण गर्न तपाईंले के गर्नुपर्दछ?

## ५. दयाको पोशाक लगाउनु (कलस्सी ३:१२-१४)

तपाईंले आफ्नै शैलीमा कलस्सी ३:१२-१४ लेख्नुहोस्। येशूको भक्त हुनुभनेको के रहेछ ती पदहरूले कसरी देखाउँछन्? (सम्पूर्ण एकता अर्थात् सिद्ध प्रेम धारण गर्नु भनेको के रहेछ हेर्नुहोस्)। हामीहरूको आचरणले र चरित्रले ती कलस्सीमा उल्लेख गरेका

अवधारणा तथा नितिलाई अँगाल्न सके संसारको सामु हामी कस्तो प्रभावशाली साछि बन्ने थियौं होला, यो एकदम सोचनिय कुरा हो। १९सौं सताव्दीका बिलायती प्रखर प्रचारक अलेक्जान्डर माकलर्नले लेखेका थिएः "भद्र तथा शिष्ट हुनुभनेको संसारको निम्ति ठूलो शक्ति हो। तपाईंले जतिसुकै बलियो मुङ्ग्रोलाई लिएर दक्षिण ध्रुबका बरफका पहाडलाई टुक्रा टुक्रा गर्न खोज्नुहोस्। ती बज्रले निकालेका तापले अलि अलि गरेर बरफ पग्लेला। तर टुक्रा टुक्रा गरिएपनि त्यो बरफ नै भएर बस्छ। तर त्यस मरणासन्न चिसो बरफ बग्दै दक्षिणतिर बग्दै जान दियो भने घामको किरणले त्यसलाई प्रहार त्यो पग्लेर न्यानो समुद्रमा बिलाएर जानेछ। दयालुले सबैलाई जित्न सक्दछ। "

एडभेन्टिस्ट भएको हैशियतले बाइबलका धेरै प्रभावकारी पदहरूलाई आत्मसात् गरेर हाम्रो बिश्वास र आस्थालाई प्रमाणित गर्न सक्षम् छौं (यदि छैन भने यहाँ हाम्रो औचित्य के हो त?) यो धेरै महत्वपूर्ण छ। तर हामीमा केवल उचित शिक्षादिक्षा वा धर्मदर्शनमात्र भएर पुग्दैन, पुग्छ र?

"परमेश्वरको सामु हामी नम्र भएर निहुरिनु पर्दछ। अरूप्रति दयालु, कोमल, शिष्ट, मृदु र करुणामयी हुनुपर्दछ। यदि यो चरित्रले हामी सम्पन्न हुनसक्यौं भने आज एक जना येशूलाई विश्वास गर्नेको सट्टामा एक सय मानिसहरूले परमेश्वरको सत्यमा हिंड्न तयार हुनेछन्। "एलेन जी ह्वाईट, *टेस्टिमोनिज फर द चर्च*, ठेली ९, पृ, १८९बाट रूपान्तरित।

चर्चका हाम्रो धर्मदर्शन वा शिक्षाहरू अरूलाई सिकाउँछौं, हामीले सब्बथ, मानिस मरेपछि के हुन्छ, पापको प्रादुर्भाव कसरी भयो र अरू विश्वासहरूलाई हाम्रो समूहमा समावेश गर्दछौं। तर धर्म ज्ञानले सम्पन्न त हुन्छौं, तर त्यसको साथै के हामीले अरूप्रति संवेदनशील भएर दयाको महत्व देखाउन सचेत छौं त? पवित्र आत्माको धेरै फलले हामी सुसज्जित हुनुमा यो पनि एक महत्वपूर्ण फल हो भनेर हामीले कहिलै

पनि बिर्सनु हुँदैन। सब्बथ सातौं दिन हो भनेर हामीलाई थाह छ। पुनरुत्थान नहुँञ्जेल मृत्यु भनेको निन्द्रा हो भनेर हामीलाई थाहा छ।

येशूको धार्मिकताले अहिले र अन्तिम न्यायको समयमा हामीलाई ढाक्छ भनेर हामीलाई ज्ञान छ। यी सबै सत्य आत्मज्ञानहरू हामीले थाहा पाउनु र हामीमा हुनु अत्यन्त महत्वपूर्ण छन भन्ने धारणा निर्विवाद छ। तर येशूमा भएका सत्य तथा आत्मज्ञान बिना केवल ज्ञानयोग तथा धार्मिक शिक्षादिक्षाले सम्पन्न भएरमात्र पुग्दैन (यूहन्ना १४:६)। शिक्षित भएर मानिसलाई स्वतन्त्रताको अनुभूती हुँदैन तर येशूमा भएको सत्यले हामीलाई स्वतन्त्रताको अनुभूति प्राप्त हुन्छ (यूहन्ना ८:३२)। येशूको सत्यले हामीलाई परिवर्तन गर्दछ, सच्चा मनोक्रान्ती ल्याउँछ र येशूमा बढ्दै जान सहायता गर्दछ र हामीलाई पनि उहाँ जस्तै हुने लक्ष्यमा लम्काउँछ। त्यसकारण हामी हरेकले आफ्नो मनलाई जाँचेर हेर्नुपर्दछ, के हामीमा येशूको सत्यता छ वा उहाँ जो सत्य हुनुहुन्छ, के उहाँ हामीमा छ वा त्यो सत्यतालाई ग्रहण नगर्दा के हामी अरूप्रति दया तथा पवित्र आत्माको फलले सम्पन्न भएको येशूभक्त हौं भनेर देखाउन असक्षम् भइरहेकाछौं?

## उपसंहारः

थप जानकारीः "प्रत्येक इसाई घरबाट पवित्र ज्योति चम्केको हुनुपर्दछ। माया प्रेम कामबाट देखाउनुपर्दछ। बिचारणीय दया, कोमल, भद्र तथा निश्वार्थी शिष्टाचारद्वारा हामीमा भएको प्रेम अरूलाई देखाउनु पर्दछ। यस्ता घरहरू धेरै छन जहाँ ती सुत्रहरूलाई लागु गरेका छन्। ती घरहरूमा परमेश्वरको उपासना गरिएको हुन्छ र सचमूच रूमा प्रेमको वन्धनले रजाईं गरेका हुन्छन्। ती घरहरूबाट बिहान र बेलुका सुघण्धित धुप जस्तै परमेश्वरमा प्रार्थना चढाई रहेका हुन्छन्। यसको फलस्वरूप, प्रार्थना गर्नेहरूलाई परमेश्वरको कृपा र आशिष बिहानको ताजा शीत जस्तै खसिन्छन्।" एलेन जी ह्वाईट, *द आडभेन्टिस्ट होम,* पृ. ३७बाट रूपान्तरित।

"कसैप्रति माया तथा सदाशयता देखाउँदा आफ्नो कमजोरपना देखाएको हो भनेर धेरैको धारणा छ। यस्तो उदासीन भावनाले उत्साह पाउनुपर्ने मानिसहरू सजिलैसँग भड्कन सक्छ र अन्धकारमा घचेटिदिन सक्छ। यस्तोले झन मानिसहरू निरुत्साह र निर्दयी बनाउँछन्। तिनीहरूका न्यानो र दयालु भावनालाई दबाउँदा तिनीहरूको आत्माहरू मर्दछन्। तिनीहरूको मन चिसो र कठोस हुन्छन्। यो गलत धारणाप्रति हामी अत्यन्त सजग हुनुपर्दछ। प्रेम अरूलाई बाँडिचुँडि गरेन भने त्यो सेलाएर जान्छ। तपाईंसँग जोडिएको कुनैपनि हृदयलाई तपाईंको दया र करुणाको कमिले भोकाउनु नपरोस्।" एलेन जी ह्वाईट, *द एडभेन्टिस्ट होम,* पृ. १०७बाट रूपान्तरित।

**चिन्तनमनन,-**

१, माथि उल्लेखित, "के हामीमा येशूको सत्यता छ वा उहाँ जो सत्य हुनुहुन्छ, के उहाँ हामीमा छ वा त्यो सत्यतालाई ग्रहण नगर्दा के हामी अरूप्रति दया तथा पवित्र आत्माको फलले सम्पन्न भएको भएको येशूभक्त हौं भनेर देखाउन असक्षम् भइरहेकाछौं?" प्रश्नलाई विश्वासीहरू बिच छलफल गर्नुहोस्। यसमा तपाईंको जवाफ कस्तो छ?

२. "प्रेम अरूलाई बाँडिचुँडि गरेन भने त्यो सेलाएर जान्छ।" यसको अर्थ के हो? चर्चमा यो सुत्रले प्रेरित हुनु हाम्रो निम्ति किन आवश्यक छ?

३, "सिद्ध" "पूर्ण" वा "परिपक्व" हुनुपर्दछ भन्ने यस अध्यायको छलफललाई फेरि समिक्षा गर्नुहोस्। यी शव्दहरूका तात्पर्य के हुन्? मानिस सिद्ध हुनुपर्दछ भन्ने धारणाले चर्चमा धेरै तर्कवितर्कहरू तेर्सिएको हामी पाउँछौं। यसले धेरै मानिसहरूलाई अन्यौलतामा धकेलिदिएको पनि पाउँछौं। कतिपय येशूका सत्य भक्तहरूमा यी शव्दहरूको अर्थसँग संघर्ष गरिरेहका छन्। हामी चर्चका सदस्यहरूभएको हैशियतले

"सिद्ध" हुनुपर्दछ भन्ने धारणामा के साझा समस्याहरू र गलत तर्कहरूसँग सामना गरिरहेका छौं?

४. येशूमा विश्वास तथा आस्था राख्न अरू एडभेन्टिस्टहरूले तपाईंको जीवनमा के भूमिका खेलेका छन्? के तिनीहरू तपाईंप्रति संवेदनशील, सदाशयी र दयालु थिए? यदि मानिसहरूले तपाईं प्रति खस्रो र कठोर व्यबहार गरे भने त्यसले तपाईंलाई कस्तो प्रभाव पारेको हुन्छ? बिश्वासीहरूबिच यस समसायीक विषयमा छलफल गर्नुहोस्। आफ्ना र अरू बिश्वासीहरूले पाएका अनुभवमा हामी येशूभक्त हौं भनेर देखाउन साच्छि दिन दया तथा सदाशयता किन अत्यन्त महत्वपूर्ण छ भनेर राम्ररी बुझाउँछ ?

✞📖✞